# परिच्छेद एक

## १.१ अध्ययनको पृष्ठभूमि

हिंसा भन्नाले सामान्यता कुनै एकले अर्काको इच्छा विपरित गरिने शारीरिक मानसिक यौनजन्य व्यवहार वा यातना हो । हिंसा जुनसुकै बेला जहाँ पनि र जो कोही विरुद्ध जुनसुकै वर्गबाट हुने गर्दछ । कुटपिट, झै झगडा, गाली गलौज, दुर्व्यवहार, यातना दिने आदि हिंसाका विभिन्न स्वरुपहरु हुन । जुनसुकै व्यक्तिको परिवारमा पनि हिंसा भएको पाइन्छ । उच्च वर्गका व्यक्ति, मध्यम वर्गको व्यक्ति, तल्लो वर्गको व्यक्ति सबैको परिवारमा पाइन्छ । घर परिवारमा हुने यस्तो प्रकारको हिंसालाई घरेलु हिंसा भनिन्छ । घरेलु हिंसा घरपरिवार भित्र हुने बेमेलको परिणाम स्वरुप उत्पन्न हुने हिंसात्मक गतिविधि हो । नेपाली समाजमा घरेलु हिंसाले मुलतः महिला माथि हुने हिंसात्मक गतिविधिको सङ्केत गर्दछ ।

नेपालमा पितृसतात्मक सामाजिक बाहुल्यता भएको हुँदा पुरुषको कारणले कतिपय महिलाहरुले अनेक प्रकारका यातना खप्नुपर्दछ । भने कतिपय अवस्थामा मृत्युको मुखमा पर्नुपर्ने अवस्था समेत आउन सक्दछ । घरेलु हिंसा नेपालमा सवै समुदायमा प्रचलित छ । यो समस्या तराई समुदायमा अझ बढी रहेको छ । त्यहाँका महिलाहरुले हाल पनि पुरुषको दासत्वमा बस्नुपर्ने बाध्यता विद्यमान छ । घर परिवारका सदस्यबाहेक अरुसँग महिलाहरुले बोल्न, हिड्न समेत नपाउने सामाजिक बन्धनले गर्दा उनीहरुका सबै समस्याहरु, जनसमक्ष आउन सकेका पनि हुदैनन् । यति हुँदाहुदै आएका समस्याहरुले पनि पारिवारिक हिंसाको अवस्था भयानक छ भन्ने कुरा पुष्टि गर्दछ । नेपाली समाजमा घरेलु हिंसाका घटनाहरु घट्नुको बदला विगतको तुलनामा बढेर गएको देखिएको छ । (स्रोत : लुइटेल, २०६०)

यसरी घरपरिवारमा हुने विभिन्न किसिमका द्वन्द्व सृजनाको निराकरणको लागि हिंसा सम्बन्धी कानुन बनेको छ । नेपालको सन्दर्भमा कानुनले घरेलु हिंसालाई दण्डनिय मानेर यस्तो हिंसा गर्नेलाई दण्ड र सजायको व्यवस्था गरेको छ । घरेलु हिंसाको (कसुर र सजाय) ऐन २०६६ हो । यो ऐन २०६६ वैशाख १४ गते पारित भई लागु भइसकेको छ भने कसुर र नियमावली २०६७ समेत लागु भइसकेको छ । यस ऐनले घरेलु सम्बन्धभित्र वंसज विवाह पछि भएको सम्बन्ध, धर्म सन्तानको कारण भएको सम्बन्ध, संयुक्त परिवारमा बस्ने सदस्यहरु, घरमा कामदारको रुपमा एकै परिवारमा बस्ने जोकोही व्यक्तिहरु बीच भएको वा

हुन सक्ने सम्बन्धहरु भनि परिभाषित गरेको छ । यस ऐनले तल उल्लेखित हिंसा गरेमा त्यसलाई दण्ड र सजाय हुने व्यवस्था गरेको छ ।

**क) शारीरिक हिंसा**

अङ्गभङ्ग ठहर्ने, कुटपिट गर्ने, शारीरिक चोटपटक पुऱ्याउने, थुनामा राख्ने वा शारीरिक चोट पुग्न सक्ने भन्ने जानी जानी त्यस्तै अन्य कुनै काम गर्ने, गराउने कार्य महिला माथि हुने शारीरिक हिंसा हो ।

**ख) मानसिक हिंसा**

डर धाक देखाउने, धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गाली गलौच गर्ने, झुट्टो बात लगाउने, घरबाट निकाला गर्ने वा मानसिक चोट पुग्न सक्ने अन्य कुनै काम गर्ने गराउने कार्य साथै अरु मानिसको अगाडि बेइज्जत गर्ने, अनावश्यक शंका गर्ने, सार्वजनिक कार्यमा सहभागी हुन नदिने जस्ता कार्यहरुलाई मानसिक हिंसा हुन भनि परिभाषित गरिएको छ ।

**ग) यौनजन्य हिंसा**

यौनजन्य प्रकृतिको दुर्व्यवहार अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्यका साथै वैवाहिक बलत्कार, बिरामी समयमा श्रीमतिसँग यौन सम्बन्ध राख्नु, अश्लिल कुरा देखाएर यौन कार्यको लागि बाध्य पार्नु जस्ता कार्यहरु यौनजन्य हिंसाका उदाहरणहरु हुन् ।

**घ) आर्थिक हिंसा**

सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न नदिनु, रोजगारीमा सहभागी हुन नदिनु, घरसम्पत्तिको बेचविखन गर्दा महिलाको सहमति नलिनु, आय आर्जन गर्न नदिनु, घरमा भएको सम्पत्तिमा महिलाको पहुँच नहुनु जस्ता कार्यहरु महिला माथि हुने आर्थिक हिंसा हुन् ।

**ङ) अन्य कार्य**

माथि उल्लेख गरिएका बाहेक अन्य किसिमको गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने कार्यलाई पनि घरेलु हिंसा मानिएको छ ।

यस ऐनले यस्तो हिंसा भएमा चार ठाउँमा उजुरी दिन सक्ने व्यवस्था गरेको छ ।

१) प्रहरी कार्यालय

२) स्थानिय निकाय र गाउँपालिका, नगरपालिका, वडा कार्यालय

३) राष्ट्रिय महिला आयोग

४) अदालत

यसको हदम्याद चाँही यस्तो उजुरी घरेलु हिंसा कसुर भए गरेको मितिले ९० दिन भित्र सम्बन्धित निकायमा दिनुपर्छ । हिंसाको स्वरुपहरु हाम्रो समुदायको घर परिवारमा फरक र जटिल अभ्यासभित्र लुकेर अदृश्य रुपमा रहेको पाइन्छ । कतिपय हाम्रो घर परिवारमा भएको हिंसाहरुलाई लुकाएर वा दबाएर राखेको पाइन्छ र केही मात्रामा हिंसाको कुराहरु बाहिर आएको पाइन्छ । घरेलु हिंसा भन्नाले घरभित्र हुने कुनै प्रकारको लैंगिक हिंसा भन्ने बुझिन्छ । जसमा कुट्नु, पिट्नु, हात हतियार तथा कुनै वस्तुले हिर्काउनु, संवेदनशील अङ्गहरुमा हात हाल्नु, टोक्नु वा अन्य कुनै शारीरिक यातना दिनु घाइते पार्नु, मानसिक रुपमा दवाव दिनु, सम्पत्तिमा क्षती पुऱ्याउनु, आफन्तमा भेट्न नदिनु वा जुनसुकै अवस्थामा वेवस्ता गर्नु आदि बुझिन्छ । (स्रोत : सापकोटा, २०७३)

नेपाली महिला एवम् बालिकाहरु घरेलु हिंसाको साथै सार्वजनिक हिंसाको जोखिममा पनि पर्ने गर्दछन । घरेलु हिंसा, भौतिक जन्य दुर्व्यवहार प्रष्टसँग देखिने हुन्छ । मानसिक यातना, भ्रम साथै गाली गलोज यस अन्तर्गतको घरेलु हिंसा हो । त्यसैगरी हाम्रो समाजमा सानै उमेरमा विवाह, दाइजोसँग सम्बन्धित हिंसा, घरमा यौन शोषण मादक पदार्थको सेवन पश्चात गरिने दुर्व्यवहार एवं झैझगडा, बहुविवाह, बैवाहिक बलत्कार आदिबाट पनि हिंसा भई रहेको पाइन्छ । घरेलु हिंसाले घरपरिवार भित्र हुने बेमेलको परिणाम स्वरुप उत्पन्न हुने हिंसात्मक गतिविधिहरुको संकेत गर्दछ । नेपालमा पितृसतात्मक सामाजिक बाहुल्यता भएको हुँदा पुरुषको कारणले कतिपय महिलाहरुले अनेक प्रकारका यातना खेप्नु पर्दछ भने कतिपय अवस्थामा मृत्युको मुखमा पुग्नुपर्ने अवस्था समेत आउँन सक्दछ । घरेलु हिंसाले नेपालको सबै समुदायमा उतिकै रुपमा प्रभाव जमाइरहेको पाइन्छ । नेपाली विभिन्न समुदायका महिलाहरुले हालसम्म पनि पुरुषको दासत्वमा बस्नुपर्ने बाध्यता विद्यमान छ । घरपरिवारका सदस्यहरु बाहेक अरुसँग महिलाहरुले बोल्न, हिड्न, समेत नपाउने सामाजिक बन्धनले गर्दा

उनीहरुको सवै समस्याहरु जनसमक्ष आउन सकेता पनि पारिवारिक हिंसाको अवस्था भयानक छ भन्ने कुरा पुष्टि गर्दछ । हिंसा हिंस्रक प्रवृतिलाई आफुमा सामाजिक तथा बाह्रय कारणले भावनामा पैदा हुने मनोवैज्ञानिक असन्तुलनको रुपमा लिने गरिन्छ । उदाहरणको लागि हिंसा प्रायजसो परस्पर विपरित स्वार्थ र चाहनाहरुको वीचमा हुने गर्दछ । परिवार भित्र पनि श्रीमान र श्रीमती बीचमा परस्पर हिंसा जन्य क्रियाकलाप हुने गर्दछ । श्रीमान र श्रीमती बीचमा हुने यस्तो हिंसा वैवाहिक सम्बन्धमा आउने असन्तुलनको कारणले हुने गर्दछ । तथ्याङ्कगत सन्दर्भमा कुरा गर्दा जुनसुकै उमेरका र लिङ्गका व्यक्तिलाई शारीरिक आक्रमण हुने संभावना रातको समयमा बाटोमा हुने भन्दा पनि परिवार भित्र घरमा हुने संभावना देखिएको छ । महिला हिंसाको कुरा गर्दा महिलाहरुमा अन्य बाहिरका व्यक्तिहरुबाट भन्दा आफ्नै घर परिवारका पुरुष सदस्य वा नजिकका आफन्तबाट बढी हिंसाको खतरा रहन्छ । धेरैजसो जोडी बीचमा यसो हुनुमा सामाजिक, मनोवैज्ञानिक र आर्थिक तत्वहरुले महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । धेरैजसो महिलाहरु श्रीमानको आम्दानी बिना तिनीहरुको बच्चालाई हुर्काउन र दैनिक खर्च धान्न असक्षम हुने गर्दछन । साथै घरेलु हिंसाको विषयलाई उजुरी गरेमा कारबाही स्वरुप श्रीमानको पैसामा खतरा उत्पन्न हुने हुदाँ उनीहरु थप असुरक्षित हुन चाहदैनन् । बरु पीडित महिलाहरु पीडकलाई छोड्नु भन्दा त्यसलाई कसरी सुधार्न सकिन्छ भन्ने तर्फ ध्यान दिएको देखिन्छ । घरेलु हिंसा सम्बन्धी समाजशास्त्रीय विश्लेषणहरुले परिवारमा महिला तुलनात्मक रुपमा कमजोर देखिनु नै महिला विरुद्ध हुने हिंसाको दरमा हुने वृद्धिको मुख्य आधार हो । हिंसा पुरुषबाट महिलाको विरुद्धमा हुने व्यवहार मात्र होइन, पुरुषबाट महिला, महिलाबाट महिला, महिलाबाट पुरुष अथवा सबैबाट सबैलाई हुने दुर्व्यवहार, दुराचार, साथै मानवीय मूल्य र मान्यताको विरुद्धमा हुने गरेका अमानवीय व्यवहारहरु पर्दछन । (स्रोत : देवकोटा, २०७०)

एसिया फाउण्डेशन, नेपाल (२०१०) ले गरेको अध्ययन अनुसार आधा महिला ४८ प्रतिशत ले आफ्नो जीवनकालमा हिंसा भोग्ने गरेका छन् जस मध्ये एक चौथाईले गत १२ महिनामा हिंसा सहेका छन् । महिलाहरुले भोग्ने हिंसामा भावनात्मक हिंसा ४० प्रतिशत शारीरिक हिंसा २७ प्रतिशत, यौन जन्य हिंसा १५ प्रतिशत र आर्थिक शोषण ८ प्रतिशत रहेका छन् । जसको ३/४ कारक आफ्नै श्रीमान हुने गर्दछ ।

## १.२ समस्याको कथन

घरेलु हिंसा मानव विरुद्धको हिंसा हो । यस्तो हिंसाको विरोध गरौ, जुन हाम्रो चुलोबाट उत्पन्न भइरहको हुन्छ । हाम्रो देश नेपाल पितृसतात्म देश हो जहाँ महिलाहरु भन्दा बढी पुरुषहरुको बर्चस्व रहेको पाइन्छ । महिला र पुरुष बीच धेरै मात्रामा भिन्नता रहेको पाइन्छ । यस कारणले हाम्रो समाजमा हिंसाका कुराहरु भई रहेको पाइन्छ । हाम्रो समाजमा विवाहको समयमा दाइजो तथा तिलक लिने परिपाटी हाल पनि विद्यमान छ । कानुनी हिसाबले नेपालमा बहुविवाहमा बन्देज लगाइएको भएता पनि कतिपय समाजमा परिवारमा बहुविवाह हुने नै गर्दछ तर पनि कानुनको प्रभावकारी कार्यान्वयनको अभावमा यसमा पूर्णत रोक लगाउन नसकिएकाले बहुविवाह तथा यसबाट विभिन्न पारिवारिक तथा कानुनी समस्याहरु उत्पन्न भईरहेको पाइन्छ । साथै बहुविवाह पश्चात कतिपय परिवारमा तनाव सृजना हुनाको साथसाथै कुटपिट र हत्याको घटनाहरु समेत हुने गर्दछन् । बालविवाह तथा अनमेल विवाह अर्को हिंसाको कारणको रुपमा रहेको पाइन्छ । कम उमेरमै बालिकाहरुको विवाह हुनाले उनीहरुको यौन शोषण हुन्छ । साथै सानो उमेर मै अर्काको घरमा जानुपर्ने बाध्यताले गर्दा पढाई लेखाई तिर उनीहरुको ध्यान जान सकेको हुदैन । पर्याप्त अवसरहरुको अभावमा अशिक्षित रहन पुग्दछन । सानै उमेर देखि बालबच्चा र घरपरिवारका अन्य सदस्यहरुको स्याहार सुसारमा लागीपर्नुपर्ने बाध्यताले गर्दा राम्ररी खान लाउन नपाउने, स्व–अधिनमा लाग्न नपाउने अवस्था हुन्छ । उनीहरुको शारीरिक तथा मानसिक शोषण हुन्छ, कतिपय परिवारमा उनीहरुलाई नै असक्षम मानी विभिन्न किसिमका यातना दिने गरिन्छ । नेपाली समाजमा जाडरक्सी सेवन पहिल्यै देखि विद्यमान छ । अझ वर्तमान समयमा पहिला जाँडरक्सी नखानेहरुपनि खान थालेका छन् । लागु औषधिको सेवन गर्ने मानिसहरुले गर्दा समस्या पनि त्यति नै मात्रामा बढेको छ । यस्ता लागु पदार्थ तथा लागु औषध सेवन गर्ने मध्यपान गर्नेहरुमा समाजमा पुरुषहरु नै अत्याधिक रहेका छन् । उनीहरु नसाको सुरमा आफ्नै श्रीमति माथि अत्याचार गर्न पुग्दछन । कतिपयले श्रीमति र छोराछोरीलाई घर छाड्न बाध्य तुल्याउने तथा मार्ने समेत गर्दछन् । अशिक्षाको कारणले पनि घरेलु हिंसा विगतको तुलनामा बढेर गएको अध्ययनहरुले देखाएका छन् । पुरुष तथा घरपरिवारका सदस्यहरुको सानो तिनो नराम्रो व्यवहारको प्रतिकार गर्न नसक्ने अवस्था अधिकांश महिलामा छ । उनीहरुको सहनशिलताको फाइदा लिदैं पुरुषहरु झन हिंस्रक बन्दै गई घरपरिवारमा अप्रिय घटनाहरु समेत हुन पुग्दछ । घरेलु हिंसाहरुले पारिवारिक विग्रहको

साथसाथै बालबालिकाको विकासमा समेत नकारात्मकअसर गरेको पाइन्छ । घरेलु हिंसाको खासगरी महिला माथिको हिंसाको कारणले गर्दा नेपाली समाजमा विभिन्न खालका समस्याहरु सृजना भएका छन् । पुरुष र महिलाको बेमेलले गर्दा घर परिवारमा विग्रहको अवस्थामा समेत पुगेको घटनाहरु यत्रतत्र पाइन्छ । घरेलु हिंसाको वातावरणले बालबालिकाको मानसिक तथा भौतिक विकासमा ठूलो बाधा पार्दछ उनीहरु मध्ये कतिपय परिवार छोड्न बाध्य हुन्छन । सडक बालबालिकाको संख्या बढेर जाने अनेक कारणहरु मध्ये पारिवारिक विग्रहको अवस्था पनि प्रमुख रुपमा रहेको हुन्छ । इन्सेक (INSEC, 2014) को प्रतिवेदन अनुसार नेपालमा महिलाहरु विभिन्न प्रकारका हिंसाहरुबाट पिडित रहेको देखाएको छ । उक्त प्रतिवेदनमा उल्लेख भएको विकास क्षेत्र अनुसार घरेलु हिंसामा परेका महिलाहरु पूर्वाञ्चलनमा ७३३, मध्यमाञ्चलमा ८०५, पश्चिमाञ्चल ३०८, मध्यपश्चिमाञ्चल ३६७ साथै सुदुर पश्चिमाञ्चलमा २८३ जना घरेलु हिंसाका घटनाहरु भएको उल्लेख गरिएको छ । जसमा सबैभन्दा धेरै मध्यमाञ्चल विकास क्षेत्र र सबैभन्दा थोरै सुदुर पश्चिमाञ्चल विकासक्षेत्रमा घरेलु हिंसाँको घटना भएको उल्लेख छ । (स्रोतः इन्सेक, २०१४)

वास्तवमा घरेलु हिंसा एउटा समस्या को रुपमा नेपालमा दिनानुदिन बृद्धि हुदै गइरहेको छ । जसलाई परिवारमा जटिल समस्याको रुपमा लिन सकिन्छ । जसले समाजमा बस्ने घरपरिवारका महिला सदस्यहरुले हिंसाका यस्ता घटनाहरु सहेर बस्नुपर्ने बाध्यता छ । यसलाई शारीरिक यातना मात्र नमानी मानसिक, धार्मिक तथा कानूनी रुपमा भएका यातनालाई पनि हिंसाकै कोटीमा राखेर अध्ययन गरिनु पर्दछ । यस अध्ययनमा शोधकर्ताले इलाम नगरपालिकाको वडा नं. ७ मा अवस्थित जोरधारा क्षेत्रमा हुने घरेलु हिंसा र हिंसा हुनुका मुख्य कारण उपरोक्त कुराहरुलाई समस्याको कथनको रुपमा लिई समाजशास्त्रीय ढगंले अध्ययन गर्न निम्न उल्लेखित अनुसन्धान प्रश्नावलीहरुको छनौट गरी अध्ययनमा विशेष जोड दिइएको छ । जुन यस प्रकार छ ।

क) घरेलु हिंसा हुनको मुख्य कारणहरु के के हुन् ?

ख) इलाम नगरपालिकामा कस्ता कस्ता प्रकारका घरेलु हिंसा भइरहेको छ ?

ग) नगरपालिका भित्र हुने घरेलु हिंसा निराकरण गर्न के कस्ता उपायहरु अपनाउन सकिन्छ ?

घ) घरेलु हिंसा निराकरण गर्न इलाम नगरपालिका, भित्र रहेका संघसंस्थाहरुले के कस्ता भूमिका निर्वाह गरिरहेका छन् ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको सामान्य उद्देश्य इलाम नगरपालिका वडा नं. ७ मा अवस्थित जोरधारा क्षेत्रमा बसोबास गर्ने महिलाहरुमा हुने घरेलु हिसां र सो को अध्ययन गर्नु हो ।

यस अध्ययनको विशिष्ट उद्देश्यहरु यस प्रकार रहने छन् :

- हाम्रो समाजमा कस्तो प्रकारको घरेलु हिंसाहरु भइरहेको छ, यसको अध्ययन गर्ने ।
- घरेलु हिंसाले घरपरिवारमा कस्तो समस्याहरु उत्पन्न भई रहेका छन् भन्ने बारेमा अध्ययन गर्ने ।
- कस्तो किसिमको घरेलु हिंसा बढी मात्रामा हाम्रो समुदायमा भई रहेको छ र त्यसको मुख्य कारणहरु के के हुन भन्ने कुराको लेखाजोखा गर्ने ।

## १.४ अध्ययनको महत्व

प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकार रहेको हुन्छ । तर त्यसमा आघात पुऱ्याउने खालका हिंसाका कार्यहरु हुने गर्दछन् । जुन घरपरिवार भित्र वा घर परिवारसँग गाँसिएर हुने हिंसाजन्य कार्यहरु नै घरेलु हिंसा हो । पितृसतात्मक मूल्यमान्यता एवं सामाजिक संरचनाले गर्दा महिलाहरु नै यस हिंसाको शिकार बनि रहनु परेको छ । वर्तमान समाज विगतको तुलनामा निकै पृथक एवं परिस्कृत भइसकेको सन्दर्भमा पनि दु:खको कुरा यो छ कि महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आउन सकेको छैन । हिंसाको कार्यहरु घट्नुको साटो बढी रहेको पाइन्छ । आर्थिक तथा सामाजिक निर्णयमा महिलाको स्थान अझ पनि पछौटे अवस्थामा रहेको छ । यो अवस्था हटाउन नसकेसम्म महिलाहरुलाई पुरुष सरह सक्रिय बनाउन सकिन्न महिलाको मानसिक स्तर उठाउनका लागि चेतनाको स्तर वृद्धि गर्नु जरुरी छ । त्यसैले पनि महिला वर्गलाई शिक्षित एवं जागरुक बनाउनु अति आवश्यक भइसकेको अवस्थामा पनि उनीहरु प्रति गरिने

सामाजिक अवस्थामा परिवर्तन हुन नसकेको देखिन्छ । यस अध्ययनको महत्वलाई निम्न अनुसार बुँदामा प्रस्ट्याउन सकिन्छ ।

१. अध्ययन क्षेत्रका मानिसहरुको सामाजिक आर्थिक, शैक्षिक पक्षको स्थिति थाहा पाउनका साथै कसरी घरेलु हिंसाबाट पीडित छन् भन्ने कुरा थाहा पाउन यो अध्ययनले सहयोग गर्नेछ ।

२. यस अध्ययनबाट घरेलु हिंसा सम्बन्धी अध्ययन अनुसन्धानको चासो राख्ने स्वदेशी, विदेशी अनुसन्धान कर्ताहरुलाई बुझ्न सहयोग हुनेछ ।

३. यस अध्ययनबाट घरेलु हिंसा पीडित महिलाहरुको शारीरिक तथा मानसिक व्यवहार एवं उनीहरुले भोगेको यातनाहरुको बारेमा जानकारी प्राप्त हुनेछ ।

४. यस अध्ययनको निचोडलाई घरेलु हिंसा पीडित समग्र महिलाहरुको बारेमा बुझ्न चाहने व्यक्ति संख्या, योजनाकार आदिले सन्दर्भ सामग्रीको रुपमा प्रयोग गर्न सक्नेछन् ।

## १.५ अध्ययनको सिमाङ्कन

व्यवस्थित अध्ययनका लागि निश्चित सिमाहरु निर्धारण गर्नु पर्दछ । सिमाले अध्ययनलाई विषयवस्तु अध्ययन क्षेत्रको वरिपरि केन्द्रित गर्दछ । यस अध्ययनका निम्न सिमाङ्कन निर्धारण गरिएको छ ।

- यो अध्ययन घरेलु हिंसाको विषयमा मात्र सिमित छ ।
- यो अध्ययन इलाम जिल्लाको इलाम नगरपालिकाको वडा नं. ७ मा रहेको समुदाय भएको घरेलु हिंसाको अध्ययनमा सिमित छ ।
- यो अध्ययन सिमित स्रोत साधन समय र जनशक्तिमा सिमित छ ।
- यो अध्ययन इलाम जिल्लाको इलाम क्षेत्रको मात्र अध्ययन भएकाले सिमित अध्ययन भएकाले यसबाट प्राप्त नतिजाहरु सबै ठाउँमा उपयुक्त नुहन सक्छ ।

## १.६ अध्ययनको संगठन

अध्ययनबाट संकलित तथ्याङ्कहरुको विवरणलाई संगठित रुपले प्रस्तुत गरिएको छ । त्यसमा जम्मा छ वटा परिच्छेदमा वर्गीकरण गरिएको छ । जसमा पहिलो परिच्छेदमा परिचय, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको संगठन आदि लिपीबद्ध गरिएको छ । त्यसैगरी दोस्रो परिच्छेदमा पूर्व साहित्यको समिक्षा, सैद्धान्तिक समिक्षा, अवधारणात्मक ढाँचा प्रस्तुत गरिएको छ । तेस्रो परिच्छेदमा मा अनुसन्धानको ढाँचा, अध्ययन क्षेत्रको छनौट, तथ्याङ्कको प्रकृति र स्रोत, नमुना छनौट तथा समग्रता, तथ्याङ्क संकलनका विधिहरु, अध्ययनको सिमाङ्कन, तथ्याङ्कको प्रस्तुतिकरण र विश्लेषण प्रस्तुत गरिएको छ । अध्ययन क्षेत्रको भौगोलिक पर्यावरणीय स्थितिलाई चौथो परिच्छेदमा प्रस्तुत गरिनुका साथै घरधुरी उत्तरदाताहरुको सामाजिक, आर्थिक अवस्था, चारित्रिक विशेषतालाई समेत सोही परिच्छेदमा प्रस्तुत गरिनेछ । अध्ययनको मुख्य विषय वस्तुमा केन्द्रित रही घरेलु हिंसाको बारेमा उत्तरदाताहरुको धारणा, हिंसाको प्रकार र हिंसा हुनुको मुख्य कारणहरु तथा प्रभावको बारेमा भएको खोज विश्लेषणलाई विस्तृत रुपमा प्रस्तुत गरिनेछ । अन्तिममा अर्थात छैटौ परिच्छेदमा भने अध्ययनको समग्र स्वरुपको संक्षिप्त विवरण तथा निष्कर्षलाई प्रस्तुत गरिने छ ।

***

# परिच्छेद दुई

# पूर्व साहित्यको समिक्षा

## २.१ अध्ययनको पूर्व साहित्य समिक्षा

मानवजातिको सर्वतोमुखी समुन्नतिका लागि आर्थिक तथा सामाजिक विकासको आवश्यक्ता पर्दछ । यसको लागि समाजका सवै मानिसहरुले कुनै न कुनै रुपमा योगदान पुऱ्याउनु पर्दछ । नेपाली समाजमा महिला तथा पुरुषको संख्या भन्डै हाराहारीमा छ । यस्तो अवस्थामा आर्थिक तथा सामाजिक विकासका लागि दुवै पक्ष सक्रिय भएर लाग्नुपर्ने आवश्यक्ता छ । तर नेपालमा त्यो अवस्था आउन सकिरहेको छैन । नेपालमा अशिक्षा, अस्वस्थता, गरिबी, सामाजिक तथा सांस्कृतिक परम्परा, परम्परागत प्रचलन, व्यक्तिगत दायित्व तथा सचेतनाको कमी जस्ता कारणले महिलाहरु, विकासको मूल्यप्रवाहमा सहभागी बन्न सकिरहेका छैनन, त्यसैले घरेलु हिंसाको शिकार महिलाहरु मात्र परिरहेको पाइन्छ ।

प्रत्यक्ष र अप्रत्यक्ष गरी हिंसा मुख्यत दुइ प्रकारका हुन्छन । प्रत्यक्ष हिंसा भन्नाले भौतिक वा शाब्दिक (Physical or Verbal) जुन व्यवहारमा प्रत्यक्ष देख्न सकिने (Visible) हुन्छ भने जुन व्यवहार आँखाले प्रत्यक्ष देख्न नसकिने (Invisible) हुन्छ । नेपाल सरकारले घरेलु हिंसालाई दण्डनिय मानेर यस्तो हिंसा गर्नेलाई दण्ड र सजायको व्यवस्था गरेको छ । यस कानुनको नाम घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ हो । यो ऐन २०६६ वैशाख १४ गते पारित भई लागु भइसकेको छ भने कसुर र नियमावली २०६७ समेत लागु भइसकेको छ । (स्रोत : सापकोटा, २०७३)

नेपाली समाजमा घरेलु हिंसालाई व्यक्तिगत वा घरायसी मामिलाको रुपमा मान्ने गरेको हुनाले समाज वा बाहिरी पक्षले हस्तक्षेप गर्नु हुदैन । अर्थात व्यक्ति र परिवारको इज्जतको सवाल हो भन्ने मान्यता विद्यमान रहेको छ । परम्परागत मुल्य मान्यता प्रचलन तथा रहन सहनबाट प्रभावित छ । विभिन्न जातजातिका आफ्नै प्रचनल रहनसहन इतिहास तथा समाज विकासका प्रकृयाहरु छन् । जसबाट नेपाली महिलाहरुको अवस्था निर्धारण हुने गरेको छ । कानुनी सहयोग तथा परामर्श केन्द्र ल्याक, (२०६४) का अनुसार महिला माथि हुने घरेलु हिंसाका कारक तत्वहरु मध्ये पितृसत्तात्मक सामाजिक शक्ति संरचना, शक्ति नियन्त्रण, आर्थिक नियन्त्रण, आर्थिक स्रोत र साधन परिचालनमा पहुचको कमी, रोजगारी

सीपमूलक तालिमको अभाव, शिक्षामा कमी, निर्णायक पदमा पछौटेपेन, राजनीतिक नीति निर्माण तहमा पुहँच नहुनु, प्रजनन अधिकारमा नियन्त्रण नहुनु, पुरातनवादी सामाजिक मुल्य र मान्यता महिलालाई वस्तुको रुपमा ठान्नु आदि हुन्  (LACC, 2007)।

घरेलु हिंसा सम्बन्धी कानुनको व्यवस्था भएपनि यसको लागु थोरै मानिसहरुले मात्र गरेका छन् । कानुनको व्यवस्थामा भएपनि त्यसलाई न्युनीकरण तर्फ लान सकिएको छैन । हाम्रो देशमा घरेलु हिंसा अन्त्य भएको छैन किन भने घर परिवार टुट्ने र इज्जत जाने जस्ता कुराहरुले गर्दा महिलाहरु अगाडि खुलेर आफू माथि भएको हिंसाको प्रतिकार गर्न सकिरहेका छैनन् । घरेलु हिंसा जो हाम्रो चुलीबाट उत्पन्न हुने एउटा यस्तो घटना हो । जो मुलत आफ्नो घरभित्र पैदा हुन्छ । विभिन्न नियम कानुनको व्यवस्था भएपनि त्यसको अन्त्य हुनुको साटो दिन प्रति दिन बढी रहेको पाइन्छ । इलामको सन्दर्भमा हेर्ने हो भने २०७२/०७३ को आषाढ २० गते सम्म परेका तपशिल बमोजिमका उजुरी मध्ये घरेलु हिंसाका ४३ वटा उजुरी सबै महिला माथि मात्र भएको पाइएको छ ।। २०७३/०७४ बैशाख सम्म हेर्ने हो भने जिल्ला प्रहरी कार्यालय इलामको मिति २०७४/२/१८ गतेको पत्रानुसार जिल्ला प्रहरी कार्यालय इलाममा दर्ता भएका तपशिल बमोजिम उजुरी सम्बन्धि विवरण बारे जानकारीमा घरेलु हिंसामा ३५ महिलाहहरु माथि हिंसा भएको तथ्य आएको छ । (स्रोत : जिल्ला प्रहरी कार्यालय, इलाम, २०७४)

इलाम जिल्लामा २०७२/०७३ मा भन्दा २०७३/०७४ मा केही मात्रामा घरेलु हिंसा घटेको तथ्याङ्क पाइएको छ । इलाम जिल्ला एउटा विकसित जिल्ला हो जहाँ महिला हिंसा घरेलु हिंसाको माध्यमबाट बढी रहेको पाइन्छ । कतिपय हिंसाका क्रियाकलापहरुलाई लुकाएर राख्ने गरेको पाइन्छ । इज्जत जाने डर र त्रासका कारणबाट दबाइएको पाइन्छ । बाहिर नआएको हिंसा जन्य गतिविधिहरु अत्याधिक मात्रामा हाम्रो समाजमा यथावत रहेको पाइन्छ ।

अधिकारी, (२०५६) का अनुसार अविवाहित दुर्व्यसनीलाई कुलतबाट छुटाउन उनीहरुका अभिभावकहरुको विहे गरिदिने तथ्य लागुपदार्थ दुर्व्यशनी विरुद्ध कार्यरत समाजसेवीहरुले भेट्टाएका छन् । लागुपदार्थको कुलतमा लागेका पुरुषको पत्नीहरु आफ्नो श्रीमानले दिने शारीरिक र मानसिक यातनाबाट मात्र पिडित छैनन्, उनीहरुमा अहिले एउटा भय थपिएको छ । एड्स रोगको भाइरस पति हुदैं आफू र आफ्ना सन्तानमा पनि पुगेको छ कि भन्ने ।

## २.२ सैद्धान्तिक  समिक्षा

## २.२.१ मार्क्सवादी महिलावादी दृष्टिकोण

घरेलु हिंसा खासगरी महिलाहरु माथि हुने हिंसा हो । विश्वव्यापी रुपमा लैङ्गिक असमानता रहेको पाइन्छ । Gender भन्नासाथ सामाजिक, साँस्कृतिक रुपले निर्माण भएको अवधारण हो र हरेक समाजमा महिला पुरुषले निर्वाह गर्नुपर्ने भूमिका फरक फरक निर्धारण गरिएको हुन्छ । समाजद्धारा निर्मित सामाजिक लिङ्ग जन्मजात विभेद भएर आएको होइन । आज विज्ञानको साथसाथै विनासका सम्भावनाहरु पनि विकसित हुँदै गइरेको सन्दर्भमा महिलावादीहरु बढी चिन्तित देखिन्छन् । विज्ञानले वातावरण माथि पारेका नकारात्मक प्रभावको परिणाम स्वरुप महिलाहरु बढी प्रभावित बनेको तथ्यलाई महिलावादीहरुले अगाडि सारेका छन् । समकालीन महिलावादी सिद्धान्तहरमा उदार महिलावादी, मार्क्सवादी महिलाबादी, आमूल महिलावादसमाजवादी, महिलावादी मनोविश्लेषक, महिलावाद आदि प्रचलनमा रहेका छन् ।

UN, (2006) का अनुसार विश्वभरिका महिलाहरु सामाजिक, आर्थिक, राजनैतिक तथा धार्मिक सत्ता वा भेदभावबाट शोषित छन्। महिला भएकै कारण उनीहरुले आज पनि विभेदको सामना गर्नु परेको छ  र हिंसा पीडित भएर बस्नु परेको छ । सन् १९९८ मा सयुक्त राष्ट्रसंघले मुख्य रुपमा अन्तराष्ट्रिय क्षेत्रमा नै महिला विरुद्धमा हिंसा अन्त्य गर्न सक्रियता बढाउने र लैङ्गिक समानताका लागि अग्रसर गराउन सिद्धान्तमा एकमत भएको छ । अन्तराष्ट्रिय सन्धिपत्र ( Convention of the Elimination of all forms of Discrimination against women) को एउटा optional Protocal लाई सयुक्त राष्ट्रसंघले ६ अक्टोबर १९९६ को साधारणसभाले पारित गर्‍यो र अनुमोदनका लागि खुल्ला राखिएको छ ।

कतिपय समाजमा र शिक्षित भनिएका कतिपय घर परिवारमा महिलाहरुलाई खास गरी श्रीमती तथा बुहारीलाई पिट्ने, मानसिक यातना दिने, सताउने चलन विकृतिको रुपमा हाल पनि विद्यमान छ । उनीहरुको आफ्नै परिवार तथा परिवेशबाट मानव अधिकार हनन भइरहेको छ । लोग्नेले भनेका सवै कुरा सरासरी मान्नुपर्ने, अन्यथा पिटाई खानुपर्ने डरले गर्दा कतिपय महिलाहरु उपयुक्त र आवश्यक कुरामा पनि लोग्ने तथा परिवारका सदस्याहरुको कार्यमा सल्लाह दिन तथा सहयोग पुर्‍याउन सक्दैनन् । त्यसैले गर्दा समाजको विकास तथा गतिशिलताको वृद्धिमा महिलाको योगदान बढ्न सकेको छैन ।

महिलाका सम्बन्धमा WID, WAD र GAD जस्ता अवधारणाहरु पनि विकास भएका छन् । विकासमा महिला (WID) खास गरी अमेरिकी उद्धारवादी महिलाहरुले सन १९७० को दशकपछि अघि सारेको अवधारणा हो । महिलाको विधमान अवस्था सुधार ल्याउन महिलालाई विकास योजनाहरुमा सहभागी गराउनु, स्रोतहरु माथि महिलाहरुको पहुँच बढाउनु र महिला शिक्षा, स्वास्थ्यमा जोड दिनुपर्ने कुरालाई WID ले जोड दिन्छ । विशेषगरी विकास प्रक्रियामा महिलाहरुलाई एकिकृत गराउन सके महिलाहरुका समस्या धेरैजसो समाधान हुने निष्कर्ष यस अवधारणाको रहेको छ । त्यसै गरी महिला र विकास (WAD) को अवधारण सन् १९७० को दशकको उत्तरार्धमा विकास भएको हो भने सामाजिक लिङ्ग र विकास (GAD) को अवधारणा सन् १९८० को दशकमा WID र WAD को कमजोरी पक्षलाई सच्याउने क्रममा फराकिलो अवधारणा आएको हो । यस अवधारणाले आधुनिकिकरणको सिद्धान्तले आत्मसाथ गरेको विकासको प्रक्रिया जुन माथिबाट तल जाने संयन्त्रमा आधारित थियो, त्यसको विरुद्धमा तलबाट माथि जाने संयन्त्रलाई जोड दिन्छ । विशेषगरी समता उन्मुख सिद्धान्तमा आधारित छ । यसले समानता र समता दुवै पक्षलाई महत्व दिदै न्यायिक समताले लैङ्गिक विभेदको अन्त्य गर्न सक्दछ भन्ने मत राख्दछ । अर्कातिर कल्याणकारी अवधारणा तथा आधारभूत आवश्यकता परिपूर्ति र गरिबी उन्मुलन अवधारणालाई पनि जोड दिन्छ । (बेइजिङ सम्मेलनको घोषणा, १९९५)

मार्क्सवादी विचारधारामा लागेका समाजशास्त्रीका अनुसार सम्पत्ति नै समाजमा असमानता सृजना गर्ने स्रोत हो । उत्पादान व्यवस्था वा प्रणालीको विकाससँगै सामाजिक सास्कृतिक प्रणालीमा त्यसको प्रभाव पर्दछ । निजी सम्पत्तिको विकाससँगै उत्पादन व्यवस्थामा पुरुषको सहगोगीका रुपमा महिलालाई लिदै अझ अगाडि भनिएको छ कि सम्पत्तिको निरन्तर हस्तान्तरण र सम्बृद्धिका लागि छोरा जन्माउने वस्तुका रुपमा पनि महिलालाई लिन थालियो । महिलाहरु घरभित्र कै धन्दामा सीमित गरिए, अथवा कमसल कार्य वा कम ज्यालामा लगाइए । यसलाई बलियो बनाउने काम समाजमा रहेको पितृसत्ताले गर्‍यो । (एंगेल्स, १९८६)

## २.३ अवधारणात्मक ढाँचा

यो अध्ययमा वर्णात्मक तथा विवरणात्मक दुवै अध्ययन विधिको प्रयोग गरिएको छ । यसै क्रममा इलाम नगरपालिकामा अवस्थित जोरधारा क्षेत्रका मानिसहरुको सामाजिक,

साँस्कृतिक, आर्थिक र शैक्षिक अवस्थालाई वर्णनात्मक ढाँचामा जोड दिई प्रस्तुत गरिनेछ भने घरेलु हिँसा र हिंसा हुनुका मुख्य कारणहरुको खोजी गर्ने अन्वेषणात्मक ढाँचामा जोड दिई प्रस्तुत गरिनेछ भने घरेलु हिंसा र हिंसा हुनुका मुख्य कारणहरुको खोजी गर्न अन्वेषणात्मक ढाँचालाई प्रयोग गरी विवरणात्मक रुपमा प्रस्तुत गरिएको छ ।

**चित्र नं. १ नेपाली महिलाहरुमाथि हुने घरेलु हिंसाको लैंगिक अवधारणगत ढाँचा**

**घरेलु हिंसाका स्वरुप एवं प्रकारहरु**

- गाली गलौच
- पारिवारीक भै झगडा एवं कुटपिट
- यौन दुर्व्यवहार एवं यौन शोषण
- परिवारमा खानलाउन नदिने
- घरबाट निकालिदिने
- जबरजस्ती विवाह
- असमान व्यवहार र मानसिक यातना

# घरेलु हिंसा

**हिंसा हुनाका कारणहरु**

**१. सामाजिक तथा सांस्कृतिक कारण**

- छोरी प्रति हेर्ने दृष्टिकोण फरक
- बोक्सी र टोकुवाको लाल्छना
- असहाय र निर्वलको संज्ञा दिनु
- काजक्रिया गर्न रोक्नु

**२. आर्थिक कारण**

- अनुत्पादक क्षेत्रमा महिलाहरुलाई सीमित गर्नु
- भू:स्वामित्व पुरुषमा मात्र नियन्त्रण रहनु,
- असमान ज्याला
- पैत्रिक सम्पत्तिमा पुरुषको नियन्त्रण
- आर्थिक क्रियाकलापमा रोक र निर्णय प्रकृयामा महिलाको सहभागिता नगराउनु

**३. शैक्षिक कारण**

- छोरीलाई ढिलो विद्यालय भर्ना गराउने
- महिलालाई घरायसी कार्यमा जोड दिनु
- छिटो विवाह गर्न दवाव दिनु र प्रतिभा विकासमा सहयोग नगर्नु

# परिच्छेद तीन

## ३.१ अनुसन्धानको ढाँचा

यो अध्ययनमा वर्णात्मक तथा विवरणात्मक दुवै अध्ययन विधिको प्रयोग गरिएको छ । यसै क्रममा इलाम नगरपालिकमा अवस्थित जोरधारा क्षेत्रका मानिसहरुको सामाजिक, साँस्कृतिक, आर्थिक र शैक्षिक अवस्थालाई वर्णनात्मक ढाँचामा जोड दिई प्रस्तुत गरिएको छ भने उनीहरुको घरपरिवार तथा समाजमा हुने घरेलु हिंसा र हिंसा हुनुका मुख्य कारणहरुको खोजी गर्न अन्वेषणात्मक ढाँचालाई प्रयोग गरी विवरणात्मक रुपमा प्रस्तुत गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्रको छनौट

अनुसन्धान कार्यलाई मुर्तरुप दिन वा अध्ययन कार्यलाई क्रमवद्ध रुप्मा अगाडि बढाउनका लागि सर्वप्रथम अनुसन्धान गर्ने उपयुक्त स्थानको छनौटको आवश्यकता पर्दछ । त्यसैले इलाम जिल्लाको इलाम नगरपालिका वडा नं. ७ लाई अध्ययनको लागि छनौट गरिएको छ । यस वडा नं. ७ मा बसोबास गर्ने समुदायमा घरेलु हिंसा के कस्ता कारणबाट भइरहेका छन् भन्ने कुराको अध्ययन गरिएको छ । नगरपालिका जस्तो विकसित ठाउँमा सबै शिक्षित र जान्ने बुझ्ने हुदाँहुदै पनि किन घरेलु हिंसा भइरहेको छ भन्ने कुराको बारेमा अध्ययन गर्ने रुचि भएकाले यस क्षेत्रलाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

यस घरेलु हिंसाको अध्ययन र अनुसन्धान गर्दा गुणात्मक र संख्यात्मक प्रकृतिका तथ्याङ्कको स्रोतको रुपमा प्राथमिक र द्धितीय स्रोतको प्रयोग गरिएको छ ।

## ३.४ नमुना छनौट तथा समग्रता

यो अध्ययनमा इलाम जिल्लाको इलाम नगरपालिकामा बसोबास गर्ने मानिसहरुको समग्र घरधुरी संख्याबाट २० घरधुरी संख्यालाई नमुना छनौटको रुपमा लिइएको छ । नमुना छनौटको रुपमा लिइएको घरधुरी संस्थाबाट प्राप्त तथ्याङ्कको आधारमा व्याख्या र विश्लेषण गरी गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलनका विधिहरु

यो अनुसन्धान पुरा गर्नका लागि निम्न विधिहरु आवश्यकता अनुसार प्रयोग गरिएको छ ।

**क. सर्वेक्षण**

सर्वेक्षण विधिबाट अनुसन्धानकर्ताले आफूले देखेको तथा अनुभव गरेको तथ्याङ्क सङ्कला गरिने हुँदा सो तथ्याङ्कहरु ऋणात्मक र बढी औचित्यपूर्ण हुने विश्वास राखिएको हुन्छ । सुचनादाताहरुले दिन नसकेको वा नचाहेको तथ्याङ्कहरु प्रत्यक्ष अवलोकनबाट सङ्कलन गर्न सकिन्छ । सर्वेक्षण गर्दा आफूले अध्यापन गरेको क्षेत्रमा बसोबास गर्ने मानिसहरुको पारिवारिक संरचना, सामाजिक तथा आर्थिक परिवेशलाई सर्वेक्षण गरिएको छ । त्यसैगरी शोधपत्रमा सर्वेक्षणद्धारा हिंसाबाट पीडितहरुको तथ्य सङ्कलन गर्ने, पीडितहरुमा देखिने शारीरिक यातनाका चिन्हहरु, यातनाले पारेका मानसिक असरहरु, घटना सम्बन्धि उजुरी भए सम्बन्धित निकायको अवस्था र सोको लेखाजोखा, आदिको प्रत्यक्ष सर्वेक्षण गरी आवश्यक तथ्याङ्क सङ्कलन गरि प्रस्तुत गरिएको छ ।

**ख. प्रश्नावली**

अनुसन्धान एव. शोधकार्यका लागि व्यक्तिगत तथा घरधुरी प्रश्नावलीको सूची बनाई अन्तर्वार्ता लिइएको छ भने प्रश्नावली तयार गर्दा अर्ध संरचित र संरचित दुवै खाले ढाँचामा प्रश्नावलीहरु रहेको छ । घरधुरी उत्तरदाताहरुको अनुकुल समय मिलाई प्रत्येक घरबाट एक एक जना उत्तरदाताहरु समेटिने गरी जम्मा २० जनासँग अन्तर्वार्ता लिइएको छ । उक्त अन्तर्वार्ताको लागि उत्तरदाताहरुको सामाजिक, आर्थिक पक्ष तथा घरेलु हिंसाको स्वरुप, प्रकार, कारण सम्बन्धि जानकारी समेटिने गरी सरल भाषामा तयार गरिएको प्रश्नावलीहरुको प्रयोग गरिएको थियो । प्रश्नावलीका नमूना अनुसूची १ मा दिइएको छ ।

## ३.६ तथ्याङ्कको प्रस्ततिकरण र विश्लेषण

अध्ययनबाट प्राप्त भएका विभिन्न खाले तथ्याङ्कहरुलाई सर्वप्रथम वर्गीकरण गरिएको छ । यसरी वर्गीकरण गर्दा हुने तथ्याङ्कहरुलाई तथ्याङ्कको प्रकृति अनुसार वर्गीकरण गरिएको छ । संख्यात्मक तथ्याङ्कहरुलाई विश्लेषण योग्य बनाउन माइक्रोसफ्ट वर्ड, एक्सल आदि कम्प्युटर सफ्टवेयरको माध्यमबाट क्रमबद्धरुपमा तालिकिकरण गरिएको छ । गुणात्मक

प्रकृतिका तथ्याङ्कलाई सन्दर्भ अनुसार व्याख्या र विश्लेषण गरी तथ्यपरक बनाई उचित स्थानमा प्रस्तुत गरिएको छ । यसरी विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्कहरुलाई सकेसम्म विश्लेषण योग्य र बुझिने बनाउन सरल तालिकाको माध्यमबाट प्रतिशतमा प्रस्तुत गरि विश्लेषण गरिएको छ । साथै विभिन्न आधुनिक प्रविधिहरु जस्तै क्यामेरा, मोबाइल आदिको प्रयोग गरि शोध कार्यालाई व्यवस्थित र त्रुटि रहित बनाउने प्रयास गरिएको छ ।

***

## परिच्छेद चार

## ४.१ अध्ययन क्षेत्रको परिचय

### इलामको उत्पत्ति

चारखोला नामले चिनिने इलाम जिल्लाको उत्पत्ति लाप्चा र लिम्बु भाषाबाट भएको पाइन्छ । लिम्बु भाषामा “इ” को अर्थ पुत्का (एक किसिमको माहुरी) र “लाम”को अर्थ बसेको ठाउँ भन्ने हुन्छ । माई पूर्वको विभिन्न गाउँहरुको जंगलहरुमा अझै पनि पुत्काको मह पाइन्छ । त्यसैगरी इलामको नामाकरणको सम्बन्धमा रहेको अर्को लोकोत्ति अनुसार इलाम शब्दको अप्रभंश भएर इलाम हुन  गएको हो भन्ने लोकोक्ति पनि लिम्बु र लाप्चा जातिमा रहेको पाइन्छ । (कार्की, २०५८)

इलामलाई चारखोला किन भनियो भने यस जिल्लाको वरीपरी चारवटा खोलाहरु छन् । जसमा माईखोला, भीरखोला, पुवाखोला र जोगमाई खोलाले घेरेको हुनाले इलामलाई चारखोला पनि भनिन्थ्यो ।

इलाममा पौराणिक कालमा इलाम नामकी पौराणिक महारानीले मण्डित गरेको हुनाले यहाँको नाम इलाम रहन गएको भन्ने पनि केही विद्धानहरुको भनाई रहेकाले यो खोजको विषय छ । (कार्की, २०५८)

## ४.१.१ इलामको भौगोलिक स्थिति

नेपालको पूर्वाञ्चल विकास क्षेत्रको मेची अञ्चलमा पर्ने चार जिल्ला मध्ये इलाम पूर्वी सिमानामा अवस्थित एउटा पहाडी जिल्ला हो । महाभारत श्रृङ्खलाको दक्षिण र सिहँलीलाको काखमा रहेको यस जिल्लाको भू–भागलाई अग्लो, होचो डाँडाकाँडा , साना ठूला बन जंगल, खोलानालाहरुले समेटेर राखेका छन् । हरियाली बोकेर बसेको यस जिल्लाको प्राकृतिक सौन्दर्य अति रमाईलो छ । पर्यावरण चोखो छ । वातावरण अनुकुल छ ।

इलाम जिल्लाको निरपेक्षित स्थितिमा २६.४० देखी २७.८ डिग्री सम्म उत्तरी अक्षाशंमा र ८७.४० देखि ८८.१० डिग्री सम्म भूमध्य रेखाको पूर्व देशान्तरमा सापेक्षित सिर्थिमा इलामको उत्तरमा पाँचथर पश्चिममा मोरङ्ग  धनकुटा दक्षिणमा झापा र पूर्वमा भारतको पश्चिम बंगालको दार्जिलिङ्ग जिल्ला पर्दछ । कुल क्षेत्रफल १७०३ वर्ग माईल भएको

यो जिल्ला झण्डै फर्सिको पात जस्तो आकारमा रहेको छ । समुद्र सतहबाट २५० मिटर देखि ३७०० मिटर सम्मको उचाईमा यहाँ सुगम र सरल पहाडहरु रहेका छन् । दक्षिण भेगमा भने भित्री मधेश, खोच र बेसीहरु पर्दछन् । (कार्की, २०५८)

## ४.२ इलाम नगरपालिकाको सामाजिक तथा आर्थिक जनजीवन

इलाम नगरपालिकाको भौगोलिक अवस्थितिको कुरा गर्दा यो ठाउँ इलाम जिल्ला निर्वाचन क्षेत्र नं. ३ मा पर्दछ । साथै अन्य निर्वाचन क्षेत्रमा इलाम क्षेत्र नं. १ पहाडी भेगमा पर्दछन भने क्षेत्र नं. २ पनि त्यस्तै अवस्थामा अवस्थित छ । कुल क्षेत्रफलको २७ वर्ग कि.मी मा फैलिएको र शहरी क्षेत्र २७१४ वर्ग कि.मी ओगटेको यस इलाम नगरपालिकाको आधार भन्ने नै शहरी क्षेत्र रहेको छ । (स्रोत : स्थलगत भ्रमण, २०७४)

### ४.२.१ राजनीतिक स्थिति

यस जिल्लामा नयाँ राजनैतिक संरचना पछि ६ वटा गाउँपालिका र चारवटा नगरपालिकाहरु रहेका छन् । जसमध्ये वि.स.२०६८ सालको राष्ट्रिय जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या २,४२, ४३४ रहेको छ । यहाँको घरपरिवार संख्या ६४,५६५ रहेको छ । औषत परिवार सदस्य संख्या ५.१८, जनघनत्व प्रति वर्ग कि.मी २६६ जना रहेको छ । वार्षिक जनसंख्या वृद्धिदर २.१० प्रतिशत रहेको छ । (केन्द्रिय तथ्याङ्क विभाग, २०६१)

### ४.२.२ मुख्य जनजातिहरु

यस जिल्लाको मुख्य जातिहरुमा बाहुन, क्षेत्री, राई, लिम्बु, तामाङ्ग, शेर्पा, मगर, गुरुङ्ग, नेवार, भुजेल, मारवाडी, वर्ग सुनुवार (मुखिया), चहमु लाप्चा, कागते दमाइ, कामी, सार्की, आदि रहेका छन् । यहाँ नेपाली भाषा लिम्बु, राई, मगर, लेप्चा, शेर्पा र तामाङ्ग भाषाहरु पनि बोलिन्छ । जिल्ला बासीहरुका जातियताको आधारमा बाहुन क्षेत्री ६२.९ प्रतिशत, राई २८.१ प्रतिशत, लिम्बु, सुनुवार, मगर, गुरुङ्ग, तामाङ्ग आदि २७ प्रतिशत, नेवार ७ प्रतिशत, दमाई, कामी, सार्की ७ प्रतिशत रहेका छन् । (कार्की, २०५८)

अध्ययनको लागि छनौट भएका इलाम नगरपालिकाको वडा नं.७ मा अवस्थित जोरधारा क्षेत्रमा बस्ने मानिसहरुमा क्षेत्री, लिम्बु, राई, कामी, सुनुवार, मुखिया जातिका

मानिसहरुको बसोबास रहेको छ । संयुक्त बसोबास स्थल, एकआपसमा भएको मातृत्व र व्यवहारहरुको एक अर्कालाई प्रभाव पारेको पाइन्छ ।

## ४.३ घरधुरी जनसंख्याको सामाजिक तथा आर्थिक विशेषताहरु

घरधुरी जनसंख्याको सामाजिक तथा आर्थिक विशेषताहरुमा घरधुरी जनसंख्याको उमेर र लिङ्ग, परिवारको किसिम, वैवाहिक स्थिति, शैक्षिक स्तर, मुख्य पेशा, धर्म तथा संस्कृतिलाई यस खण्ड अन्तर्गत प्रस्तुत गरिएको छ ।

### ४.३.१ घरधुरी जनसंख्याको उमेर र लैंगिक संरचना

कुनैपनि तोकिएको निश्चित सिमा भित्र आवद्ध व्यक्तिहरुको विवरण वा संस्थालाई जनसंख्या भनिन्छ । घरधुरी जनसंख्याको कुरा गर्दा यहाँ जनसंख्याको संरचनालाई उमेरगत आधारमा तीन खण्ड ०–१९ वर्ष, २०–५९वर्ष र ६० वर्ष भन्दा माथि विभाजन गरी अध्ययन गरिएको छ । जसलाई तालिका ४.१ मा देखाइएको छ ।

**तालिका ४.१**

**उमेर र लिङ्गको आधारमा इलाम नगरपालिका वडा नं. ७ मा अवस्थित जोरधारा क्षेत्रको घरधुरी जनसंख्याको विवरण**

| उमेर समुह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जनसंख्या | कुल प्रतिशत |
|---|---|---|---|---|---|---|
| ०–१९ | ८ | १७.०२ | १२ | २६.०८ | २० | २०.५० |
| २०–५९ | ३५ | ७४.४६ | ३१ | ६७.३९ | ६६ | ७०.९६ |
| ६० वर्ष भन्दा माथि | ४ | ८.५१ | ३ | ६.५२ | ७ | ७.५२ |
| जम्मा | ४७ | १०० | ४६ | १०० | ९३ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिका ४.१ अनुसार ०–१९ वर्ष उमेर समूहका घरधुरी जनसंख्याको पुरुष र महिला गरी जम्मा २१.५० प्रतिशत रहेको छ । त्यसैगरी २०–५९ वर्ष उमेर समुहमा महिला तथा पुरुषको संख्या सबैभन्दा बढी ७०.९६ प्रतिशत रहेको देखिन्छ । आर्थिक एवं

सामाजिक हिसाबले यो उमेर समूहका जनसंख्यालाई महत्वपूर्ण मानिन्छ । अर्कोतिर ६० वर्ष वा सो भन्दा माथिका उमेर समूहका महिला तथा पुरुषको जनसंख्या भने जम्मा ७.५२ प्रतिशत मात्र रहेको छ । २० देखि ५९ उमेर समुहका मानिसहरु बढी घरेलु हिंसाको सिकार बनि रहेको देखिएको छ । त्यसको मुख्य कारणमा यस उमेर समुहका सबै विवाहित हुने र घर परिवार सम्हाल्ने भएकाले गर्दा घरेलु हिंसाका घटनाहरु यस उमेर समुहमा बढी घटेको पाइएको छ ।

## ४.३.२ परिवारको किसिम

कुनै पनि व्यक्ति जन्मेपछि पहिलो सम्पर्क उसको परिवारसँग हुन्छ । उसको रेखदेख लालन, पालन परिवारमा नै हुन्छ । उसलाई कस्तो बनाउने भन्ने कुरामा परिवारकै महत्वपूर्ण भूमिका रहेको हुन्छ । घरको जेठो पाकोले घरमूलीको रुपमा निर्णय गर्ने गरेको उनीहरुमा पनि पाइन्छ । यसैगरी परिवार सानो होस् र खुसी होस भन्ने चाहना त सबैले राख्दछन् ।

इलाम नगरपालिका वडा नं. ७ मा अवस्थित जोरधारा क्षेत्रमा रहेका परिवारहरु प्राय एकल परिवार बढी र संयुक्त परिवार कम रहेको पाइन्छ । महिला पुरुष बीचमा भेदभाव भावना कम रहेको पाइन्छ । यहाँ सबै मानिसहरु सक्षम दक्ष छन् । कतै कतै एकै परिवारमा हजूरबुबा, हजुरआमा, बाबु, आमा, दाजु, भाउजु, फुपु, भदा भदै आदि सँगै बसेको संयुक्त परिवार पनि देखिए तापनि प्राय पारिवारिक संरचना एकल परिवार कै बढी भएको देखिन्छ । जहाँ आमा, बुबा, छोरा छोरी मात्र बसेको पाइन्छ । इलाम नगरपालिका वडा नं. ७ मा अवस्थित जोरधारा क्षेत्रको पारिवारिक बनोटलाई तालिका ४.२बाट अझ स्पष्ट पार्न सकिन्छ।

**तालिका ४.२**
**इलाम नगरपालिका वडा नं. ७ मा अवस्थित जोरधारा क्षेत्रको घरधुरी उत्तरदाताहरुको परिवारिक संरचना**

| परिवारको प्रकार | घरधुरी संख्या | जम्मा प्रतिशत |
|---|---|---|
| एकल | १२ | ६० |
| संयुक्त | ८ | ४० |
| जम्मा | २० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिका ४.२ मा भए अनुसार इलाम नगरपालिका वडा नं. ७ मा अवस्थित जोरधारा क्षेत्रमा एकल वा सानो परिवारको ढाँचा धेरै देखिन्छ । जसमा जम्मा १२ परिवार अर्थात ६० प्रतिशत घरधुरी रहेको छ । त्यसैगरी मध्यम खालको परिवार जसमा ५ देखि ८ जना परिवारका सदस्य संख्यामा रहेको परिवार अर्थात संयुक्त परिवारको ढाँचामा ८ अर्थात ४० प्रतिशत घरधुरीहरु रहेको भेटिएका छन् । यस क्षेत्रमा एकल परिवारिक ढाँचामा रहनुको कारण भने उनीहरु व्यवसायिक विशेषता हो भनेर उत्तरदाताहरुले बताउने गरेको पाइन्छ ।

अध्ययन क्षेत्रभित्र बसोबास गर्ने घरधुरीहरुका मानिसहरुले धर्ममा निकै विश्वास गरेको पाइयो । महिलाहरुले बिहान/बेलुका धुप बाल्ने र पूजा गर्ने गर्दछ ? यसका साथै समय समयमा आउने चाडपर्वहरु निकै हर्षउल्लासका साथै मनाउने र समय समयमा विभिन्न देव तिर्थ गर्ने लगायत विभिन्न देवीदेवताहरुको पूजाआजा गर्ने गर्दछन् । अधिकाँश यहाँका मानिसहरु हिन्दु किराँत धर्म मान्ने गरेको पाइयो । अध्ययनको क्रममा सबैभन्दा बढी हिन्दु धर्म मान्नेहरु पाइयो ।

### ४.३.३ घरधुरी जनसंख्याको वैवाहिक स्थिति

विवाह एक सामाजिक संस्कार हो जुन मानिसले आफ्नो वंश, परम्परा र समाजलाई निरन्तरता दिन उमेर पुगेकाहरुले आफै वा अभिभावकहरुले गरिदिने गर्दछ । अध्ययन क्षेत्रका समुदायका घरधुरी जनसंख्याको वैवाहिक स्थितिलाई हेर्ने हो भने तालिका ४.३ अनुसारको त्यहाको स्थिति रहेको पाइन्छ ।

**तालिका नं. ४.३**

**घरधुरी जनसंख्याको वैवाहिक स्थितिको विवरण (१० वर्षभन्दा माथि)**

| वैवाहिक स्थिति | संख्या | प्रतिशत |
|---|---|---|
| विवाहित | ४५ | ५२.३२ |
| अविवाहित | ३१ | ३६.०४ |
| विधवा, विदुर | ७ | ८.१३ |
| पारपाचुके गरेको | ३ | ३.४८ |
| जम्मा | ८६ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७५

अध्ययन क्षेत्र भित्रको कुल ९३ घरधुरी जनसंख्या मध्ये १० जना १० वर्षभन्दा कम उमेर समुहमा रहेका छन् । यो उमेर समुहकालाई नाबालकको रुपमा देखिने हुँदा उनीहरुलाई वैवाहिक सम्बन्धका बारेमा पनि सोधिदैन । घरधुरी उत्तरदाताहरुको वैवाहिक स्थितिलाई हेर्दा अधिकाशं रुपमा विवाहित हुनेहरुको संख्या बढी रहेको छ । यसरी विवाहितहरु बढी हुनको मुख्य कारण एकल परिवार हो । छोराछोरी १६–१७ वर्षको मात्र हुनु हो । त्यस्तै विवाहित हुनेहरुको जनसंख्या ५२.३२ प्रतिशत छ । भने विधवा र विदुर ८.१३ प्रतिशत र अविवाहित ३६.०४ र पारपाचुके गरेको ३.४८ प्रतिशत रहेका छन् । त्यस्तै गरी विवाह भएर पनि मनमुटाव भई श्रीमान/श्रीमती बीच मनमुटाव भई अलग्गै वा सम्बन्ध विच्छेद गरेर बसेका महिला तथा पुरुषहरु ३.४८ प्रतिशत भेटियो । यसरी सम्बन्ध विच्छेद गर्नेहरुले भने कानुनी प्रक्रिया नअपनाउने गरेको पाइएको छ ।

यस क्षेत्रमा बैबाहिक स्थिति बढी हुनुको मुख्य कारण एक परिवार हो । जुन बिबाह गर्ने वित्तिकै छुट्टिने र बेग्लै बस्ने कारणबाट यो बढी रहेको पाइन्छ । विधुवा र विधुरहरु पनि रहेको छ । उनीहरुले आफ्नो दोस्रो विवाह नगर्नुको कारण चाँहि मैले पुनः बिबाह गर्नु हुदैन भन्ने सोचाइ र स्वेच्छा रहेको पाइएको छ । त्यस्तै गरी विवाह भएपनि श्रीमान श्रीमती बिच मनमुटाव भई अलग्गै वा सम्बन्ध बिच्छेद गरेर बसेका महिलाहरु के कारणबाट पीडित भई यस्तो कार्य गरे भन्दा घरेलु हिंसाका कारण जस्तो कि अत्याधिक मात्रामा मादक पदार्थको सेवन गरी श्रीमतीलाई कुटपिट गर्ने, गाली गलौज गर्ने जस्ता कारणहरु पाइएको छ भने कतिपयले श्रीमानको चारित्रिक अवस्था खराब भएको कारणबाट पनि वाक्क दिक्क भएर सम्बन्ध विच्छेद गरेके पाइएको छ । कतिपयहरुले हिंसा सहन नसकि श्रीमानको घरमा नबसी माईतीघरमा गई सम्बन्ध विच्छेद गर्नु हुदैन भनेर बसेको पनि पाइएको छ ।

## ४.३.४ घरधुरी जनसंख्याको शैक्षिक अवस्था

मानव जीवनमा शिक्षाको विशेष स्थान रहेको छ । भनिन्छ, शिक्षा विनाको मानिस अन्धो समानको हुन्छ साथै राष्ट्रको उन्नति र विकासका लागि मानव जीवनका आवश्यकता परिपूर्तिका लागि साथै विभिन्न नयाँ अध्ययन अनुसन्धानको लागि आदि विविध क्षेत्रमा शिक्षाको महत्वपूर्ण भूमिका रहेको छ । इलाम नगरपालिका वडा नं. ७ मा अवस्थित जोरधारा क्षेत्रको अध्ययन गर्दा त्यस ठाउँको समुदायको शैक्षिक स्थितिको अध्ययन गर्दा प्राय सबै शिक्षित रहेको पाइयो । तर यस अध्ययनमा भने जो लेखपढ गर्न मात्र सक्छ भने

तिनलाई साक्षरतामा राखिएको छ । अध्ययन क्षेत्रका घरधुरी जनसंख्याको शैक्षिक अवस्थालाई निम्न तालिकामा ४.४ बाट स्पष्ट पनि खोजिएको छ ।

**तालिका ४.४**

**इलाम नगरपालिका वडा नं. ७ मा अवस्थित जोरधारा क्षेत्रको घरधुरी जनसंख्याको शैक्षिक अवस्था (६ वर्षभन्दा माथि)**

| शैक्षिक तह एवं स्तर | पुरुष | महिला | कुल जम्मा | जम्मा प्रतिशत |
|---|---|---|---|---|
| निरक्षर | १ | ३ | ४ | ४.७४ |
| साक्षर मात्रै | ४ | ६ | १० | ११.९० |
| प्राथमिक तह | ७ | ५ | १२ | १४.२२ |
| माध्यमिक वा एस एल सी | १५ | ८ | २३ | ३९.२८ |
| उच्च माध्यमिक तह | ९ | १२ | २१ | २५ |
| स्नातक तह वा सो भन्दा बढी | ५ | ९ | १४ | १६.६६ |
| जम्मा | ४१ | ४३ | ८४ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथि उल्लेखित तालिका ४.४ अनुसार इलाम नगरपालिका वडा नं. ७ मा अवस्थित जोरधारा क्षेत्रको मानिसहरुको कुल घरधुरी जनसंख्याको ४.७४ प्रतिशत मात्र निरक्षर रहेका छन् भने साधारण लेखपढ गर्ने ११.९० प्रतिशत रहेको छ । त्यसैगरी प्राथमिक तहको अध्ययन पुरा गर्नेहरु १४.२८ प्रतिशत पाइयो भने माध्यमिक तह वा एस.एल.सी. सम्मको पढाई पुरा गर्नेहरु ३९.२८ प्रतिशत रहेको छ । उच्च माध्यमिक तहको शिक्षा पुरा गर्नेहरु २५ प्रतिशत र स्नातक वा सो भन्दा माथिको शैक्षिक उपाधि प्राप्त गर्नेहरु जम्मा १६.६६ प्रतिशत मात्र रहेको छ । यसबाट के स्पष्ट हुन्छ भने अधिकाशं यहाँका मानिसहरुको माध्यमिक वा एस.एल.सी सम्म अध्ययन गर्नेको संख्या बढि रहेको पाइयो ।

यस क्षेत्रमा बढी एस.एल.सी.सम्म मात्र अध्ययन गर्नेको संख्या बढी हुनुको मुख्य कारण भने आर्थिक स्थिति कमजोर भई वैदेशिक रोजगारमा जाने विभिन्न पेशामा संलग्न हुने र घरपरिवार सम्हाल्नु पर्ने बाध्यता रहेको कारणबाट उच्च शिक्षा हासिल गर्नबाट वञ्चित रहेको पाइएको छ ।

### ४.३.५ घरधुरी जनसंख्याको पेशागत विवरण

गाँस, बाँस र कपासको परिपूर्तिको लागि  अर्थात बाच्ने र बचाउने प्रक्रियामा हरेक व्यक्तिको कुनै न कुनै पेशा अवश्य हुने गरेको पाइएको छ।  अध्ययन क्षेत्रका मानिसहरुको पुर्खौली पेशा भएपनि त्यसलाई नअपनाई अन्य बेग्लै खालको पेशाहरुलाई जीविकोपार्जनको लागि अपनाएको पाइएको छ। आयस्रोतको लागि व्यापार व्यवसाय, नोकरी ज्याला मजदुरी लगायत वैदेशिक रोजगार आदि पेशामा बढी संलग्नता रहेको पाइएको छ। यसका साथै अन्य पेशाहरुमा पनि मानिसहरु रहेको पाइएको छ। कृषि, घरायसी काम, राजनिति वा समाजसेवा आदि पेशामा सम्लग्न रहेको पाइएको छ।।

**तालिका ४.५**

**तालिका ४.५ इलाम नगरपालिका वडा नं. ७ मा अवस्थित जोरधारा क्षेत्रको घरधुरी जनसंख्याको पेशागत विवरण (१० वर्ष भन्दा माथि)**

| **मुख्य पेशा** | **जम्मा जनसंख्या** | **प्रतिशत** |
|---|---|---|
| कृषि | २ | २.२९ |
| अध्ययन | १७ | १९.५४ |
| ज्याला मजदुरी | १० | ११.४९ |
| घरायसी काम गर्ने | ९ | १०.३४ |
| वैदेशिक रोजगार | ११ | १२.६४ |
| राजनिति वा समाजसेवा | २ | २.२९ |
| अशक्त | १ | १.१४ |
| नोकरी | १६ | १८.३९ |
| व्यापार | १९ | २१.८३ |
| जम्मा | ८७ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७५

माथिको तालिका ४.५ अनुसार अधिकाशं अध्ययन क्षेत्रका मानिसहरु व्यापारमा बढी संलग्न रहेको पाइएको छ। कुल घरधुरी जनसंख्याको २१.८३ प्रतिशत व्यापार क्षेत्रमा संलग्न रहेको पाइयो । त्यस्तै अध्ययनलाई पेशा बनाउनेहरु १९.५४ प्रतिशत रहेको छ जुन अधिकाशं स्कुले केटाकेटीहरु हुन्  ।  व्यवसाय गर्नेहरु १८.३९ प्रतिशत रहेको देखिन्छ ॥

ज्यालादारी र घरायसी काम गर्ने क्रमश: ११.४९ र १०.३४ प्रतिशत रहेको छ भने वैदेशिक रोजगारमा जानेहरु १२.६४ प्रतिशत, समाजसेवा वा राजनिति रोज्नेहरु २.२९ प्रतिशत, अशक्त १.१४ प्रतिशत रहेको देखिन्छ ।

यस अध्ययन क्षेत्रको मानिसहरु नोकरीमा बढी रहेको व्यापार व्यवसायमा पनि बढी रहेको पाइन्छ । किनभने यहाँ कृषि योग्य जमिन कम्ति र यहाँ मानिसहरु अरु कार्यमा नै व्यस्त रहने भएकाले साँगसब्जी खानको लागि मात्र जम्मा जमिन रहेको पाइएको छ र घरमा बस्ने घरायसी काम गर्नेहरुले पनि थोरै जमिन भएपनि पशुपालन गरि आम्दानी गरेको देखिन्छ । यहाँका महिलाहरुले सुँगुर, बाख्रा, कुखुराहरु पालेको पाइन्छ । केही मात्रामा गाईहरु पनि पालेको पाइएको छ हाट बजार पिच्छे खसी, कुखुराहरु बिक्री गरेर आम्दानी गर्ने गरेका छन् र यस क्षेत्रका महिला पुरुषहरु नै आर्थिक आम्दानीमा लागेको पाइन्छ । जागीर होस या व्यापार सबैमा बराबरी रुपमा लागेको पाइन्छ ।

**तालिका ४.६**

**इलाम नगरपालिका वडा नं. ७ मा अवस्थित जोरधारा क्षेत्रको घरधुरीहरुसँग भएका जग्गा जमिनको स्थिति**

| जग्गाको परिणाम | जग्गा घरधुरी | प्रतिशत |
|---|---|---|
| १–५ रोपनी भन्दा कम | १४ | ७० |
| ५–१० रोपनी | ५ | २५ |
| १०– २० रोपनी भन्दा माथि | १ | ५ |
| | २० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिका ४.६ अनुसार इलाम नगरपालिकाको वडा नं. ७ मा अवस्थित जोरधारा क्षेत्रको कुल जमिनको स्थितिलाई मोटामोटी उल्लेख गरिएको छ । जसमा ३० रोपनी जमिन खेतीयोग्य रहेको छ । अधिकाशं मानिसहरु रोजगारीको लागि बसोबास गर्ने भएकोले कृषिपेशा संलग्नता देखिदैन जसमा सबैभन्दा बढी १–५ रोपनी जग्गा हुनेको संख्या

७० प्रतिशत रहेको पाइयो । त्यसैगरी ५–१० रोपनी मात्र जमिन भएका २५ प्रतिशत र १०–३० भन्दा माथि रहेको ५ प्रतिशत पाईयो । त्यसैले यहाँ मानिसहरुको खेतीबारीबाट खान पुग्ने भनेको सागसब्जीमात्र हो त्यो पनि १ महिना देखि २ महिना सम्म मात्र पुग्ने रहेको पाइयो भने कतिको घर मात्र भएको जमिन पाइयो र यहाँको खाद्यान्नको पर्याप्तता एकदेखि २ जनाको मात्र बढी रहेको पाइएको छ ।

**तालिका ४.७**

**घरधुरी जनसंख्यालाई वार्षिक खाद्यान्नको पर्याप्तता**

| **खान पुग्ने महिना** | **जम्मा घरधुरी** | **प्रतिशत** |
|---|---|---|
| १–३ महिना | १६ | ८० |
| ३–६ महिना | ३ | १५ |
| ६–१२ महिना भन्दा बढी | १ | ५ |
| जम्मा | २० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७५

तालिका ४.७ अनुसार जम्मा २० घरधुरी अध्ययनको क्रममा जीविकोपार्जनको लागि कृषि पेशामा संलग्नता केही मात्रामा पाइएको छ, किनभने यहाँका अधिकाशं मानिसहरुको कृषियोग्य जमिन कम्ती भएको र अरु पेशामा बढी संलग्नता भएको पाइएको छ । अधिकाशं मानिसहरु यहाँ रोजगार व्यवसायको लागि अन्य ठाउँबाट बसोबास गर्न आएकाले र बजार क्षेत्रको एक क्षेत्र भएकोले यहाँका मानिसहरुको कृषियोग्य जमिन कम्ति छ किनभने पुर्खौली सम्पत्ति भएकाहरुको मात्र कृषि योग्य जमिन भएकोले कम्ती छ । सागसब्जी र पशुपालन गरेको पाइएको छ । पुर्खौली जग्गा जमीन भएकाहरुले पनि जग्गाजमीन विक्री गरी बस्ती बसाएको हुनाले कृषि योग्य जमिन कमी छ ।

## ४.४ उत्तरदाताहरुको सामाजिक, आर्थिक तथा शैक्षिक विशेषताहरु

यस खण्डमा उत्तरदाताको रुपमा छानिएका अध्ययन क्षेत्रको मानिसहरुको उमेर, शिक्षा, सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाहरुको बारेका विस्तृत चर्चा गरिएको छ ।

### ४.४.१ उत्तरदाताहरुको उमेर

अध्ययनको लागि छनौटमा परेका विवाहित उत्तरदाताहरुको उमेरगत अवस्था हेर्ने हो भने १९ वर्ष भन्दा कम उमेर समूहमा २ जना अर्थात १० प्रतिशत, २०–५९ वर्ष उमेर समुहमा १४ जना अर्थात ७० प्रतिशत रहेका छन् । त्यसैगरी ६० वर्ष भन्दा माथि उमेर समूहमा ४ जना अर्थात २० प्रतिशत उत्तरदाताहरु रहेको छ जसलाई तलको तालिका ४.८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.८**

**उत्तरदाताहरुको उमेरगत विवरण**

| उमेर समुह | संख्या | प्रतिशत |
|---|---|---|
| १९ वर्ष भन्दा कम | २ | १० |
| २०– ५९ वर्ष | १४ | ७० |
| ६० भन्दा बढी | ४ | २० |
| जम्मा | २० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिका ४.८ लाई विश्लेषण गर्दा अध्ययन क्षेत्रका २० जना उत्तरदाताहरु विभिन्न उमेर समूहभित्र रहेका छन् । जसमध्ये सबैभन्दा धेरै २० देखि ५९ वर्ष उमेर समुहका छन् । यो उमेर समुहका मानिसहरु घरगृहस्थी, पेशा, व्यवसाय, नोकरी आदिलाई अँगालेको पाइन्छ भने बढी जसो यही उमेरमा नै उनीहरुको विवाह पनि हुन्छ । काम र जिम्मेवारीको हिसाबले यो उमेरलाई परिपक्क मानिन्छ भने यस उमेरमा उनीहरुले

घरपरिवारबाट हुने विभिन्न प्रकारका हिंसा र दुर्व्यवहारको घटनाहरु सहन गर्ने पनि गर्दछन् ।

अध्ययन क्षेत्रको उत्तरदाताहरुको विवाहित उमेरलाई हेर्दा ५ जना अर्थात २५ प्रतिशत उत्तरदाताहरुले १९ वर्ष भन्दा कम उमेरमा विवाह गरेको देखिन्छ भने १२ जना अर्थात ६० प्रतिशतले २०–२४ वर्ष विवाह गरेको पाइयो । त्यसैगरी २५ देखि २९ वर्षभित्र २ जना अर्थात १० प्रतिशत रहेका छन् भने १ अर्थात ५ प्रतिशतले ३० वर्षपछि मात्र विवाह गरेको देखिन्छ ।

**तालिका ४.९**

**उत्तरदाताहरुको वैवाहिक उमेर**

| **विवाहित उमेर** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| १९ वर्ष भन्दा कम | ५ | २५ |
| २० – २४ वर्ष सम्म | १२ | ६० |
| २५– २९ वर्ष सम्म | २ | १० |
| ३० वर्ष भन्दा माथि | १ | ५ |
| जम्मा | २० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७५

तालिका ४.९ लाई विश्लेषण गर्दा अध्ययन क्षेत्रका अधिकाशं महिलाहरुको विवाह सानै उमेरमा भएको देखिन्छ । कमजोर आर्थिक अवस्था र शैक्षिक चेतनाको कमीको कारणले आफ्नो गाउँ, घर तथा समाजमा चाडैं विवाह गरिदिने वा आफै गर्ने प्रचलन रहेको छ । यसरी सानै उमेरमा हुने विवाहले उनीहरुको प्रजनन क्षमतामा असर पार्नुका साथै घरमुलीबाट सानै उमेरदेखि घरेलु हिसाँजन्य घटनाहरुबाट प्रताडित हुने सम्भावना बढी देखिन्छ । घरमा श्रीमान्, सासु, ससुरा तथा परिवारका अन्य सदस्यहरुबाट हुने दुर्व्यवहारहरु

विरुद्ध उमेरकै कारणले खुलेर प्रतिवाद गर्ने साहस उनीहरुमा हुदैन । तसर्थ यस्ता स–साना उमेर देखि नै उनीहरु हिसाँजन्य व्यवहारबाट प्रताडित हुने गरेको उनीहरु स्विकार्छन् ।

## ४.४.२ उत्तरदाताको शैक्षिक अवस्था

शिक्षा एक मार्गदर्शनको आधार हो र मानव मात्रको ज्ञान र चेतनाको मुहान हो । शिक्षाले नै मानिसको भविष्य उज्जल र अप्ठ्यारा परिस्थितिसँग जुध्न सक्ने र विवेकी बनाउँछ । त्यसैले एउटा उन्नत र सभ्य समाज निर्माण गर्नको लागि शिक्षाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । तर महिला पुरुषको तुलनामा महिलाको शैक्षिक अवस्था कमजोर रहेको पाइयो । विगतको तुलनामा हाल आएर शिक्षाको महत्व प्रति नेपाली समाज सचेत हुन थालेको छ तर पनि अझै पनि महिलाहरु शिक्षाको अवसरबाट बन्चित हुनुपरेको स्थिति देखिन्छ । यस अध्ययन क्षेत्रका उत्तरदाताहरुको शैक्षिक स्थिति विद्यालय तह सम्म मात्र देखिन्छ । समग्रमा हेर्ने हो भने औपचारिक शिक्षा हासिल गरेका उत्तरदाताहरुको संख्या कमी रहेको पाइयो । तालिका ४.१० मा उत्तरदाताहरुको शैक्षिक अवस्थालाई प्रस्तुत गरिएको छ ।

**तालिका ४.१०**

**उत्तरदाताहरुको शैक्षिक विवरण**

| **शैक्षिक स्तर** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| निरक्षर | २ | १० |
| साक्षर | ४ | २० |
| प्राथमिक तह | ३ | १५ |
| माध्यमिक तह | ६ | ३० |
| उच्च माध्यमिक तह | ५ | २५ |
| जम्मा | २० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

अध्ययन क्षेत्रको उत्तरदाताहरुको शैक्षिक अवस्थालाई प्रस्ट्याउने प्रयास गर्दा कुल २० उत्तरदाताहरु मध्ये निरिक्षर १० प्रतिशत, साक्षर २० प्रतिशत, प्राथमिक तह १५ प्रतिशत, माध्यमिक तह ३० प्रतिशत, र उच्च माध्यमिक तह २५ प्रतिशत रहेको देखिन्छ ।

### ४.४.३ आर्थिक अवस्था

नेपालको अर्थ व्यवस्थाको मेरुदण्ड नै कृषि हो । नेपालको अधिकाशं भाग ग्रामीण पहाडी क्षेत्रमा पर्दछ जहाँ ८० प्रतिशत जनसंख्याको जीवनको प्रमुख आधार नै कृषि रहेको छ । तर हाल आएर यसमा परिवर्तन भई रहेको छ । अधिकाशं मानिसहरु वैदेशिक रोजगारमा जाने प्रवृत्तिले कृाीष पेशामा कमी आएको छ । सरल र सुलभ पेशाको खोजीमा नोकरी र व्यापार तर्फ मानिसहरु लागेको पाइन्छ । त्यसैले जागिर व्यवसाय गर्नेहरुको संख्या बढी नै देखिन्छ । त्यसैगरी ज्यालामज्दुरी गर्नेको संख्या पनि केही मात्रामा रहेको पाइन्छ ।

**तालिका ४.११**

**उत्तरदाताहरुको पेशागत विवरण**

| मुख्य पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | १ | ५ |
| जागीर/नोकरी | ५ | २५ |
| व्यापार | ७ | ३५ |
| ज्यालामजदुरी | ३ | १५ |
| सामाजिक सेवा | १ | ५ |
| घरायसी | ३ | १५ |
| जम्मा | २० | १०० |

स्थलगत अध्ययन, २०७५

उत्तरदाताका रुपमा रहेको इलाम नगरपालिका वडा नं. ७ मा अवस्थित जोरधारा क्षेत्रको मानिसहरुले आफ्नो परिवार धान्नको लागि ५ प्रतिशतले कृषि, २५ प्रतिशतले जागिर, ३५ प्रतिशतले व्याीिर, १५ प्रतिशतले ज्यालामजदुरी, ५ प्रतिशतले सामाजिक सेवा र १५ प्रतिशतले घरायसी पेशा अपनाएको पाइन्छ ।

अध्ययन क्षेत्रको उत्तरदाताहरुको मुख्यपेशा व्यापार, नोकरी, मजदुरी तथा अन्य घरायसी कामकाज भएकाले यहाँ सबै मानिसहरु सक्षम रहेको पाइयो । आर्थिक अवस्था सवल, राम्रो पाइयो । जग्गा जमिन धेरै हुने भन्दा थोरै हुनेको संख्या धेरै पाइयो । यस क्षेत्रका उत्तरदाताहरुको घरपरिवारसँग जग्गा जमिन भएपनि उत्तरदाताको स्वामित्वमा कति जमिन रहेछ भन्ने बारे तालिका नं. ४.१२ मा देखाइएको छ ।

**तालिका ४.१२**

**उत्तरदाताहरुको स्वामित्वमा रहेको जग्गा जमिनको परिणाम**

| जग्गाको परिणाम | जग्गा घरधुरी | प्रतिशत |
|---|---|---|
| १–३ रोपनी | १० | ५० |
| ४–६ रोपनी | ३ | १५ |
| ७–८ रोपनी | ४ | २० |
| १० रोपनी सम्म | ३ | १५ |
| जम्मा | २० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७५

माथिको तालिका ४.१२ अनुसार उत्तरदाताहरुको स्वामित्वमा रहेको कुल खेति गरिने जमिनलाई मोटामोटी हिसाबले रोपनीमा विश्लेषण गरिएको छ । अधिकाशं महिलाहरुसँग एक देखि तीन रोपनीसम्म जमिन उनीहरुको नाममा रहेको कुरा उनीहरुले बताए । त्यसैगरी ४–६ रोपनी सम्म हुने १५ प्रतिशत, ७ देखि ८ रोपनी भन्दा माथी २० प्रतिशत र १० रोपनी सम्म माथि जग्गा आफ्नो नाममा रहेको महिलाको संख्या ३ प्रतिशत पाइयो । तर १० रोपनी भन्दा माथि हुने जग्गा जमीन पुरुषको नाममा रहेको पाइयो ।

***

# परिच्छेद पाँच

## घरेलु हिंसाका कारणहरु

प्रस्तुत अध्ययनमा घरेलु हिंसा सम्बन्धी अध्ययन क्षेत्रको उत्तरदाताहरुको धारणालाई बुझ्ने प्रयास स्वरुप उनीहरुको विचारलाई समेटी सक्षम रुपले प्रस्तुत गरिएको छ । त्यसैगरी प्रमुख अध्ययन क्षेत्रमा हुने हिंसाको स्वरुप एव. प्रकार, हिंसाको स्वरुप एवं प्रकार, हिंसा हुनुको खाम कारण र घरेलु हिंसालाई सहनु पर्ने मुख्य सामाजिक तथा आर्थिक कारणहरुको खोजी गरी विस्तृत रुपमा वर्णन एवम् व्याख्या गरिएको छ ।

## ५.१ घरेलु हिंसा सम्बन्धी इलाम नगरपालिका वडा नं.मा अवस्थित जोरधारा क्षेत्रको मानिसहरुको धारणा

इलाम नगरपालिका वडा ७ मा अवस्थित जोरधारा क्षेत्रका मानिसहरु श्रीमान र परिवारका अन्य सदस्यबाट पीडित भएको पाइएको छ । श्रीमान शिक्षित भएपनि खराब संगतका कारण अत्याधिक रक्सी सेवन गरी श्रीमती लगायत घर अन्य सदस्यहरुलाई शारीरिक र मानसिक यातना दुवै दिएका छन् परिवारका अन्य सदस्यहरु सासू, ससुरा, नन्द, देवर, आमाजुबाट समेत मानसिक यातना भोग्दै आएका छन् । तर समग्रमा हेर्दा अधिक मात्रामा महिला श्रीमानबाट पीडित भएको पाइएको छ भने सासु ससुसा जेठानी, आमाजु, नन्द लगायत परिवारका सदस्यहरुले घरको कामको विषयलाई लिएर गाली गलौच गरेको तथा श्रीमानलाई कुरा लगाई पिट्न लगाएको पाइएको छ । सकेसम्म सहेर बस्नुपर्ने, श्रीमान तथा परिवारका सदस्यहरुको विरुद्ध उजुरी गरेर फाइदा नभएको धारणा उत्तरदाता महिलाहरुबाट राख्ने गरेको पाइयो ।

अध्ययन क्षेत्रका शतप्रतिशत मानिसहरु शिक्षित र सक्षम रहे तापनि हिंसाको शिकार बनि रहनु पर्ने कारण के हो त ? भनेर विश्लेषण गर्दा आफ्नो घरपरिवार विग्रने, इज्जत जाने जस्ता डरका कारण हिंसालाई लुकाएर र दबाएर राखिएको पाइएको छ भने कतिपयले आफ्नो छोराछोरीको भविष्य नविग्रियोस भन्ने धारणाले गर्दा यस्ता हिंसाको प्रतिकार नगरेको पाइएको छ । यस क्षेत्रमा अत्याधिक मादक पदार्थको सेवनबाट महिलाहरु हिंसाबाट पीडित भएको पाइएको छ । सबैकुरा जान्ने बुझ्ने हुँदाहुँदै पनि महिलाहरुलाई हेर्ने दृष्टिकोण र पुरुषलाई हेर्ने दृष्टिकोणमा व्यापक फरक पाइएको छ जुन हाम्रो समाजमा पहिल्यै देखि

जरा गाडेर बसेको छ । समाजमा यस्तो छाप परेको छ कि महिला र पुरुष समान कहिल्यै हुँदैन । समाजमा पोथी बासेको राम्रो हुँदैन भन्ने प्रचलन उखानको रुपमा रहेको छ । जुन कुरालाई हामीले जतिसुकै विकसित अवस्थामा आईपुग्दा पनि त्यसलाई त्याग्न सकिरहेको पाइदैन ।

हिंसा भनेको सबैको लागि खराब हो, गर्नु हुँदैन भन्ने पनि थाहा छ । तर पनि त्यसलाई प्रतिकार नगरी नत्यागी घटाउनको साटो बढाइरहेको पाइएको छ । पहिलाको तुलनामा मानिसहरु धरै शिक्षित सबल आर्थिक अवस्था हुँदा हुँदै पनि त्यसलाई हटाउन सकिएको छैन हिंसा सम्बन्धी ज्ञान बाँड्दै हिड्ने र गर्नु हुँदैन भन्ने व्यक्तिले पनि आफ्नो घरमा त्यस्ता हिंसाका कार्यहरु गरिरहेको पाइन्छ । पूर्णरुपमा यसलाई नियन्त्रण गर्ने अथवा कम गर्नको लागि यस सम्बन्धी कानुनको प्रयोग गर्नु र सजाय दिलाउन जरुरी देखिन्छ । घरेलु हिंसाका दोषीलाई कानुनी दायराभित्र ल्याउनका लागि घरेलु हिंसा नियन्त्रण सम्बन्धी कानुन पारित भई सकेको छ । त्यसलाई लागु गर्न जरुरी देखिन्छ । महिलालाई हेर्ने रुढिवादी मुल्यमान्यतामा परिवर्तन गर्दै महिलालाई आर्थिक रुपमा सुदृण, शिक्षित तथा आत्मनिर्भर गराउने तर्फ सबैको ध्यान केन्द्रित हुनु  आवश्यक छ भने विद्यमान लैङ्गिक धारणाहरु हटाउने र लैङ्गिक समानता सम्बन्धी जनचेतना जगाउने खालका कार्यक्रम ल्याउन जरुरी भएको छ । तब मात्र हिंसा  कम गर्न सकिन्छ भन्ने धारणा उत्तरदाताहरुको रहेको छ ।

## ५.२ अध्ययन क्षेत्रका मानिसहरुमा हुने हिंसाका प्रकारहरु

अध्ययन क्षेत्रका मानिसहरुको भनाई लिँदा यस क्षेत्रमा दुई प्रकारको घरेलु हिंसाको स्वरुप रहेको पाइयो । मुख्य गरी गालीगलौच, शारीरिक तथा मानसिक यातना रहेको छ । यी दुई प्रकारका हिंसाजन्य व्यवहारहरु अध्ययन क्षेत्रको मानिसहरुको घरपरिवार रहेको देखिन्छ । अध्ययनक्षेत्रका मानिसहरु बुह प्रकारको हिंसा सहन बाध्य भएका छन् । उनीहरुको भनाई अनुसार उनीहरु एउटै मात्र हिंसाको शिकार नभएर २/३ वटा हिंसाका घटनाहरुबाट आफू पीडित हुनु परेको समेत उनीहरुले बताउँछन् । जसमा गालीगलौचका घटना सबैभन्दा बढी भएको र त्यसबाट पिडित हुनेहरु पनि बढि भएको देखिन्छन् । तसर्थ अध्ययन क्षेत्रभित्र बहुप्रकारका हिंसाहरु देखिने र अध्ययन क्षेत्रमा बढी जसो मानिसहरु श्रीमान, सासु, ससुराबाट पीडित भएको उनीहरुको भनाई रह्यो ।

**तालिका नं. ५.१**

**इलाम नगरपालिका वडा नं.७ मा अवस्थित जोरधारा क्षेत्रको मानिसहरु माथि हुने हिंसाका प्रकार तथा त्यसबाट प्रताडित हुनेहरुको विवरण**

| हिंसाको प्रकार | प्रताडित हुनेको संख्या | प्रतिशत |
|---|---|---|
| गाली गलौच | १२ | ३१.५७ |
| कुटपिट | १० | २६.३१ |
| यौन दुर्व्यवहार | ५ | १३.१५ |
| यौन शोषण | ३ | ७.८९ |
| गर्भपतन | २ | ५.२६ |
| अन्य नबोलिदिने, खानपानमा भेदभाव, छेडछाड गर्ने | ६ | १५.७८ |

स्रोतः स्थलगत अध्ययन, २०७५

तालिका नं. ५.१ मा अध्ययन क्षेत्रभित्र हुने हिंसाको प्रकार र त्यसबाट प्रताडित हुनेहरुको संख्या र प्रतिशतलाई प्रस्तुत गरिएको छ । गालीगलौचलाई सामान्य रुपमा लिइदिदाँ कालान्तरमा यसले मानसिक पीडा दिएको वा गाली गलौच नै हिंसाको प्रमुख कारण दुई परिवारहरुको बीचमा भएको अमिल्दो सामाजिक हैसियत श्रीमान श्रीमतीमा समझदारीमा कमी, अविश्वास आदिको कारणबाट उत्पन्न हुने गरेको पाइन्छ । यसैगरी ३१.५७ प्रतिशत महिलाहरु पीडित रहेका छन् । आफ्नै श्रीमानले जुनसुकै समयमा जथाभावी ठाउँकुठाउँ हातपात गर्ने व्यवहारलाई दुर्व्यवहारको रुपमा रहेको पाइन्छ जसमा यो दुर्व्यवहार घरभित्र मात्र नभएर घर बाहिर रहने छिमेकी पुरुषहरुले समेत गर्ने गरेको महिलाहरु बताउँछन् । जसमा १३.१५ प्रतिशत पीडित रहेको पाइन्छ । जाँडरक्सीको अत्याधिक प्रयोग पछिको घटना घरका सदस्यहरुले आफ्नै श्रीमानलाई विभिन्न बाहनामा कुरा लगाई कुटपीट गराउने र त्यतिकै पनि आफै घटनाबाट २६.३१ प्रतिशत प्रताडित भएको पाइएको छ । त्यसैगरी यौन शोषणमा ७.८९ प्रतिशत, गर्भपतनमा ५.२६ प्रतिशत र अन्यमा १५.७८ प्रतिशत हिंसा घटनाहरु हुने गरेको पाइएको छ ।

तालिका ५.१ लाई थप विश्लेषण गर्दा घरेलू हिंसाका शिकार महिला मात्र बनिरहेको पाइन्छ । त्यस्तो हिंसा नेपाली समाजमा शताब्दीऔ देखि रहीआएको यथार्थ सर्वविदितै छ । यस्तो विकृति र विसंगतिलाई हटाउन समाजमा रहेका हरेक तह र तप्काबाट उचित कदम चालिनु पर्ने अपरिहार्यता रहेको देखिन्छ । घरेलु हिंसामा महिलाहरु प्राय शारीरिक तथा मानसिक रुपले प्रताडित हुने गरेको पाइएको छ । यहाँका महिलामाथि हुने घरेलु हिंसामा विशेष गरी गालीगलौच, कुटपिट, श्रीमानबाट बढी यौन शोषण गर्ने, खान लाउन नदिने, घरबाट निकालिदिने, जबरजस्ती हातपात आदि पर्दछन् । यी मध्ये धेरै जसो गाली गलौच कुटपिट वा दुवैबाट पिडितको संख्या बढी रहेको पाइन्छ ।

## ५.३ इलाम नगरपालिका वडा नं. ७ मा अवस्थित जोरधारा क्षेत्रको मानिसहरु माथि हिंसा हुनुका कारणहरु

सामान्यतः समाजमा हुने हिंसाका मुख्य कारणहरु सामाजिक, आर्थिक तथा शैक्षिक कारणहरु नै बढी जिम्मेवार रहेका छन् । यसबाट अध्ययन क्षेत्रको समाज पनि अछुतो रहेको छैन । अध्ययन क्षेत्रमा बसोबास गर्ने मानिसहरुको समुदायमा छोरा र छोरीलाई हेर्ने दृष्टिकोण फरक रहनु, महिलाहरुलाई दोस्रो दर्जामा हेर्नु, पुरुषलाई पहिलो प्राथमिकतामा राख्नु, घरमुलीको रुपमा पुरुषको बर्चस्व रहनु, प्रमुख कारणहरु हुन् । भू–स्वामित्व, पैतृक सम्पत्ति र निर्णय प्रक्रियामा महिलाहरुको नियन्त्रण नहुनु तथा अनुत्पादक क्षेत्रमा मात्रै महिलाहरुलाई सिमित गरिनुले आर्थिक रुपमा महिलाहरु कमजोर देखिन्छ । छोरीहरुको छिटो विवाह गरिदिनु, ढिलो विद्यालय पढाउनु र घरका कामकाजमा बढी व्यस्त राख्नुले महिलाहरु शैक्षिकरुपमा पछाडि रहेको पाइन्छ । जसका कारण हाम्रो घर परिवार छरछिमेकबाट भेदभाव तथा हिंसाजन्य व्यवहारहरुबाट प्रताडित हुने गरेको छ । यिनै कारणहरुले गर्दा घरेलु हिंसामा महिलाहरु मात्र परेको पाइन्छ । महिलामाथि यस्तो प्रकारको घरेलु हिंसाहरु एउटा मात्र नभई बहुप्रकारको हिंसा शिकार बनिरहेको पाइन्छ । हरेक विवाहित महिला उत्तरदाताहरुले विभिन्न कारणले हिंसा सहनु परेको छ । यस्तो हिंसाका प्रमुख कर्तामा आफ्नै श्रीमान, सासु, ससुरा, जेठानी, देउरानी, नन्द, आमाजु आदि हुन् ।

तालिका ५.२

**इलाम नगरपालिका वडा नं.७ मा अवस्थित जोरधारा क्षेत्रमा बसोबास गर्ने मानिसहरु माथि हिंसा हुनुका प्रमुख कारणहरु र त्यसबाट प्रताडितहरुको अवस्था**

| हिंसाको कारणहरु | प्रताडित हुनेको संख्या | प्रतिशत |
|---|---|---|
| जाँड रक्सीको बढी सेवन | १४ | २९.६८ |
| गरिबी तथा कमजोर आर्थिक अवस्था | १२ | २५.५३ |
| अशिक्षा | ९ | १९.१४ |
| बहुविवाह | ७ | १४.८९ |
| बेरोजगारी | ५ | १०.६३ |

स्रोतः स्थलगत अध्ययन, २०७५

इलाम नगरपालिका वडा नं. ७ मा अवस्थित जोरधारा क्षेत्रका समुदायमा हुने हिंसाका घटना हुने कारणहरुको खोजी गर्दा मुख्यरुपमा जाँडरक्सीको अत्याधिक सेवन नै प्रमुख कारण रहेको पाइन्छ । माथि तालिका ५.२ मा देखिए अनुसार आफ्नो घर तथा गाँउ समुदायमा घरपिच्छे प्रशस्त जाँडरक्सीको प्रचलनले गर्दा यस ठाउँमा बसोबास गर्ने व्यक्तिहरु नै बढी सेवन कर्ता रहेका छन्  भने जसले गर्दा कहिलेकाँही अत्याधिक सेवनका कारण होहल्ला गर्ने र घरपरिवारमा झगडा निम्त्याउने कारण बन्ने गरेको बताउँछन् । जाँडरक्सी सेवनै कारण हुने घरेलु हिंसाबाट उत्तरदाता मध्ये २९.७८ प्रतिशत प्रभावित भएका छन् । त्यस्तै कुल उत्तरदाताहरु मध्ये २५.५३ प्रतिशत गरिबी तथा कमजोर आर्थिक अवस्था भएका कारण झगडाको स्थिति उत्पन्न भई हिंसा सहन बाध्य भएको पाइन्छ । महिला प्रतिको दृष्टिकोणमा परिवर्तन नहुँदा रुढिवादी चिन्तन एवं धारणा र अशिक्षाको आडमा आफूमाथि हिंसा हुने गरेको उत्तरदाताहरुले बताउछन् जुन १९.१४ प्रतिशत रहेको देखिन्छ । समाजमा हुने बहुविवाह १४.८९ प्रतिशत तथा बेरोजगारी १०.६३ प्रतिशतको कारणले पनि परिवारमा कलह भई झगडा हुने र घरेलु हिंसाका हिंसाजन्य कार्यहरु उत्पन्न भई रहेको पाइन्छ । अध्ययन क्षेत्रको मानिसहरुको हिंसाको विश्लेषण गर्दा महिलाहरु नै घरेलु हिंसामा परेको कुरा स्पष्टसँग बुझ्न र देख्न सकिन्छ । जसमध्ये जाँडरक्सीको सेवन नै हिंसा प्रमुख कारणको रुपमा रहेको छ । बेरोजगारीका कारण कुलतमा बढी लागेकोले सामाजिक, आर्थिक समस्याहरु निम्त्याउछ यसले हिंसाको सृजना गर्दछ । समाजमा

तुलनात्मक रुपमा हेर्ने हो भने महिलाको नै पुरुष भन्दा धेरै बढी हिंसाको शिकार बन्ने गरेको पाइन्छ । अध्ययन क्षेत्रका मानिसहरु सामाजिक, साँस्कृतिक आर्थिक, राजनैतिक, शैक्षिक आदि कारणहरु त्यति धेरै जिम्मेवारी नरहेर पनि व्यक्तिगत सासु/ससुराबाट बढी प्रताडित हुनुपरेको उत्तरदाताहरु बताउँछन् । श्रीमान र सासुबाट हुने यस्ता व्यवहारहरुले आफ्नै नाता सम्बन्ध, तथा घरपरिविारका सदस्यहरुबाट शारीरिक, मानसिक तथा यौन सम्बन्धी यातना खेप्नु परेको दुखेसो महिलाहरुको छ । महिलाहरुलाई बोक्सीको आरोप लगाउने कुटपिट तथा अमानविय व्यवहार गर्ने दाइजोको नाममा यातना, बहुविवाह, खानलाउनमा विभेद आदि सांस्कृतिक चालचलन तथा कारणहरुले उनीहरुको आत्मा कमजोर हुने गरेको पाइएको छ । हिंसाका कारणहरुलाई प्रश्रय दिने कार्य पितृसतात्मक समाजले गर्दै आएको भएतापनि घरेलु हिंसाका घटनामा महिलाहरु पर्ने गरेको कुरालाई प्रस्ट्याउन सकिन्छ । परिवार वा छरछिमेकमा हिंसाहरु, दुर्व्यवहार, कलह वा झै झगडाहरुलाई कुनै व्यक्ति, परिवार वा छरछिमेकको सहारामा मिलाउने गरेको घटनाहरु पनि उत्तरदाताहरुको सर्वेक्षण पुष्टि गर्न सकिन्छ ।

## ५.४ अध्ययन क्षेत्रका मानिसहरुले हिंसा सहनुको कारण

आफ्नो घरपरिवारमा हुने हिंसाका घटनाहरु आफ्नो परिवारका सदस्यहरुबाट बढी हुने हुनाले यस्ता हिंसाका घटना वा झैझगडाहरु सहेर बस्नु बोहक अर्को विकल्प नभएको पनि पाइन्छ । अध्ययन क्षेत्रका मानिसहरुले पनि यस्ता हिंसाजन्य व्यवहारहरुलाई विगत देखि सहदै आइरहेको पाइन्छ । खासगरी आफ्नो वा परिवारको इज्जत जाने डर, घरपरिवार विग्रने डर समाज र परिवारबाट निकालिने डर, बालबच्चको भविष्य विग्रने डर, अशिक्षा, विवाह भएपछि आफ्नो परम्परा एवं संस्कृतिलाई निरन्तरता दिइरहनु पर्ने आदि कारणले महिलाहरु आफूमाथि हुने हिंसाजन्य व्यवहारहरु सहेर बस्ने गरेको उदाहरणहरु समाजमा पर्याप्त रहेको पाउन सकिन्छ । जुन कुरा अध्ययन क्षेत्रका समुदायमा बस्ने महिलाहरुले पनि भोग्दै आएका छन् । अध्ययनको समयमा महिला माथि हुने जघन्य हिंसालाई सहेर बस्नुपर्ने कारण के हो भनेर सोधिएको थियो । जुन कुरा तालिका ५.३ ले समेत प्रस्ट पारेको छ ।

## तालिका ५.३

## अध्ययन क्षेत्रका मानिसहरु हिंसा सहेर बस्नुको मुख्य कारणहरु

| हिंसा सहनुका कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|
| इज्जत जाने डर | ५ | २५ |
| घरपरिवार विग्रने डर | ३ | १५ |
| अशिक्षा | ३ | १५ |
| समाजबाट निकालिने डर | २ | १० |
| घरपरिवारबाट निकालिने डर | ४ | २० |
| अन्य (बच्चाको भविष्य, परम्परा तथा संस्कृतिलाई धान्नु पर्ने भएकोले ) | ३ | १५ |
| जम्मा | २० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७५

तालिका ५.३ अनुसार अध्ययन क्षेत्रका मानिसहरुको आफ्ना् घरपरिवारमा हुने यस्तो घरेलु हिंसाका घटनाको शिकार महिलाहरु मात्र पाइएको छ । महिलाहरुले आफ्नो घरपरिवारमा हुने घरेलु हिंसा घटनाहरु सहनुको पछाडि प्रमुख कारण आफ्नो र परिवारको इज्जत जाने डरमा २५ प्रतिशत, घरपरिवार विग्रने डरमा १५ प्रतिशत, अशिक्षाको कारणले १५ प्रतिशत रहेको पाइन्छ । आफू माथि भइरहेको हिंसाको प्रतिकार कसरी गर्ने, कसलाई भन्ने आदि बारेको जानकारी नहुदा अशिक्षित महिलाहरुले हिंसा सहन बाध्य भएको पाइन्छ । समाजको डरले हिंसा सहनेको संख्या १० प्रतिशत, घरपरिवारको कलहले गर्दा घरबाट निकालिनु पर्ने डरले हिंसा सहने २० प्रतिशत रहेको पाइयो । अन्य कारणहरु जस्तो बालबच्चाको भविष्य विग्रने डर, रितितिथी परम्परा तथा संस्कृतिहरुको डर आदिले गर्दा पनि हिंसाका घटनाहरु लुकाएर सहेर बसेको बताए । हिंसाका घटनाहरुलाई बाहिर ल्याउदा महिलाहरु अर्थात घरेलु हिंसा पीडित भएर सहेर बस्नुको कारणबाट यस्ता हिंसाका घटनाहरुलाई अझै बढवा दिइ रहेको पाइन्छ ।

# परिच्छेद छ
# सारांश, उपलब्धि तथा निष्कर्ष

## ६.१ सारांश

नेपाली समाज विकासको इतिहासलाई हेर्दा पुरुष प्रधान संस्कार र संस्कृतिको जगमा बनेको नेपालको राज्यव्यवस्था र समाजका कारण नेपाली महिलाहरु पछाडि पारिएका थिए । राज्य व्यवस्था र सामाजिक संरचनाले पुरुषलाई नै सबै प्रकारका निर्णयहरुका लागि निर्णायक व्यक्ति बनाई दियो । फलतः पुरुष निर्णायक, संरक्षक, शासक, पालनकर्ता र निरंकुश बन्न सक्ने अवस्था परिवार र समाजमा आयो । यसले पुरुषमा नेतृत्व, पहुँच र शासनमा सहभागिता निश्चित गर्‍यो भने महिलाहरु आश्रित, परनिर्भर, आदेश पालक, सिमित दायराभित्र अरुको अनुसाशन वा कानुन भित्र रहनुपर्ने, अरुको खटन मान्नु पर्ने र त्यसैलाई कुलधर्म, कुल मर्यादा र सामाजिक मर्यादा मान्नु पर्ने अवस्था आयो । पतिव्रता, पतिभक्ति, परिवारको रेखदेख र पतिको खुसी नै महिलाको उच्चतम धर्म, पत्नीले पतिको सेविकाको रुपमा रहनु नै वास्तविक पत्नी धर्म हो भन्ने जस्ता मान्यता र अभ्यासहरु त्यही समाजको विकासक्रमले ल्याएका, स्थापित गरेका मान्यताहरुका उदाहरणहरु हुन । जुन मान्यताहरु अहिले पनि धेरै अभ्यासमा छन् । तपाई यी हरपहरु पढ्दै गर्दा मनमनै हुन त हो तर समानताका नाममा आफ्नो संस्कार छोडी हाल्नु सकिदैन नि । भनेर सोच्दै हुनुहुन्छ होला, जुन स्वाभाविक हो । व्यवहार जब नियमित हुन्छ तब संस्कार बन्छ । संस्कारका नाममा हामी आफूले गरेका हरेक गल्तीहरुलाई गल्ती गरेको होइन, संस्कार वा धर्मका आधारमा कर्म गरेको भनेर हामीले आफूलाई ति क्रियाकलापहरुको जिम्मेवारी भित्र र अपराध बोध गराउनबाट पछि हटाउछौं । जसको कारणबाट महिलालाई एउटा वस्तुको रुपमा हेरिन्छ जसको कारणबाट घरेलु हिंसाका घटनाहरुबाट महिलाहरु मात्र पिडित रहेको तथ्याङ्कले देखाएको छ ।

नेपालमा सदियौ देखि पितृसतात्मक संरचना हुर्किदै आएको हुनाले सम्पूर्ण महिला जगतले शोषण, दमन, यातना तथा हिंसाजन्य पिडाहरुलाई भोग्दै र सहदै आउनु पर्ने बाध्यता र विशेषताले गर्दा घरेलु हिंसाको अन्त्य हुन सकेको छैन । घरेलु हिंसाका घटना महिलाहरुमा नै हुने भएकाले महिला माथि भएको हिंसा शारीरिक यातना मात्र होइन, मानसिक, धार्मिक रुपमा घरेलु हिंसा भई समाजमा विकृतिको रुपमा रहेको पाइन्छ र यसलाई हटाएर सभ्य समाजको निर्माण गर्नको लागि समाजमा हिंसाजन्य घटनाहरुलाई

घटाउन घरेलु हिंसा सम्बन्धी आवाज उठाउन जरुरी छ । जब त्यसलाई कानुनको दायरामा ल्याई घरेलु हिंसा गर्नेलाई सजाय दिलाइन्छ र गर्न हुने रहेनछ, गर्दा सजाय पाइने रहेछ भन्ने कुरा महसुस गराउन सकेमा मात्र यसको अन्त्य गर्न सकिन्छ । समाजमा घरेलु हिंसाको विकृतिलाई हटाई सभ्य समाज निर्माण गर्न सकिन्छ ।

घरेलु हिंसाका घटनाबाट पिडित महिलामात्र हुने गरेको हुँदा महिलाहरुलाई शारीरिक हिंसा मात्र होइन मानसिक लगायत अन्य घरेलु हिंसाका शिकार बनि रहेका छन् । यस अध्ययनका लागि अध्ययन क्षेत्रको रुपमा इलाम जिल्लाको इलाम नगरपालिका वडा नं. ७ मा अवस्थित जोरधारा क्षेत्रको छनौट गरिएको थियो । उक्त जोरधारा क्षेत्रको कुल घरधुरी संख्या ५० मध्ये २० घरधुरीको मात्र घरधुरी सदस्यहरुलाई उत्तरदाताको लागि नमुना छनौछ विधिबाट छनौट गरिएको थियो । छनौटमा परेका २० घरधुरी उत्तरदाताहरुको रुपमा छानी प्रश्नावली सूची अनुरुपको अन्तर्वाता लिइएको थियो । यसैगरी त्यस क्षेत्रको सर्वेक्षण गरी त्यस समुदायमा हुने घरेलु हिंसाका प्रकारको विश्लेषण र मुल्यान्कन गरिएको थियो भने हिंसाका कारणहरको पनि सर्वेक्षण र प्रश्नावलीबाट अध्ययन गरिएको थियो । अध्ययनको क्रममा आवश्यक तथ्याङ्क संकलनका लागि प्राथमिक तथा द्वितिय तथ्याङ्कको प्रयोग गरिएको छ भने तथ्याङ्कीय स्वरुप भने गुणात्मक तथा मात्रात्मक दुवै रहेको छ ।

कुल घरधुरी मध्येबाट २० घरधुरी छानिएको र उत्तरदाताहरुको उमेरगत अवस्था हेर्दा सबैभन्दा बढी २० देखि ५९ वर्ष उमेर समूहका ७०.८६ प्रतिशत रहेका छन भने सवैभन्दा कम ६० वर्षभन्दा माथिको उमेर समुहका मानिसहरु रहेका छन् भने त्यस्तै ६० प्रतिशत उत्तरदाताहरुको विवाह २० भन्दा माथिको उमेरमा विवाह भएको पाइन्छ । ४० प्रतिशत उत्तरदाताहरु मात्र संयुक्त पारिवारिक ढाँचामा रहीं बस्ने गरेको पाइन्छ भने बाँकी ६० प्रतिशत एकात्मक पारिवारिक ढाँचामा रहेका छन् ।

उत्तरदाताहरुको शैक्षिक अवस्थालाई विश्लेषण गरिँदा ९१.५१ प्रतिशत साक्षर रहेको पाइयो भने बाँकी निरक्षर थिए । जसमा स्नातक तह वा सो भन्दा माथिल्लो तहको शिक्षा पुरा गर्ने १६.६६ प्रतिशत मात्र रहेका छन् । अध्ययन क्षेत्रको उत्तरदाताहरुको शैक्षिक स्थिति भने तुलनात्मक रुपमा विद्यालय तह सम्मको धेरै देखिन्छ । समग्ररुपमा  हेर्ने हो भने सबै मानिसहरु शिक्षित रहेको पाइन्छ भने कतिपय मानिसहरु अनौपचारिक शिक्षा हासिल गरेको पनि देख्न सकिन्छ । अध्ययन क्षेत्रका सबै प्राय शिक्षित हुँदा पनि हिंसाका घटनाहरु घटि

रहेको पाइन्छ  जसले घरपरिवारमा रहेका मानिसहरु अर्थात बिशेषगरी महिलाहरु माथि यस्ता हिंसाका घटना घटी रहेको देख्न सकिन्छ । यस्ता हिंसाका घटनाहरुलाई प्रतिकार पनि नगरी सहेर बसी रहेको पाइन्छ । पेशागत कुरा गर्दा यहाँका ८३ प्रतिशत उत्तरदाताहरुको मुख्य पेशाको रुपमा व्यवसाय र नोकरी रहेको छ । त्यस्तै ज्यालादारी ११.४९ प्रतिशत, घरायसी काम १०.३४ प्रतिशत साथै विदेश जानेको संख्या १२.६४ प्रतिशत रहेको पाइन्छ । मुख्यतया उत्तरदाताको आयआर्जनको माध्यम व्यवसाय र नोकरी नै देखिन्छ । त्यसैगरी उत्तरदाताहरुको जग्गा जमिनको स्वामित्वलाई हेर्दा उत्तरदाताहरुको जग्गा जमिन सिमित रहेको पाइयो । बसाइ सरी अर्को ठाउँबाट आएर बसोबास गर्नेको संख्या नै उल्लेखनिय पाइयो । कृषि उत्पादन क्षेत्रमा पनि एकदमै कम मात्र उत्तरदाताहरुको संलग्नता पाइयो । कृषि उत्पादनबाट एक देखि ६ महिना सम्म मुश्किलले खान पुग्ने अवस्था रहेको देख्न सकिन्छ । जग्गा जमिनको अभावका कारण अन्य पेशामा बढी लागेको हुनाले खाद्यान्न पर्याप्तता भन्ने कुरा नरहेको पाइन्छ ।

अध्ययन क्षेत्रभित्रका शतप्रतिशत महिला नै घरेलु हिंसाको शिकार बनेको पाइएको छ । घरेलु हिंसामा परेका महिलाहरुले उनीहरु माथि हुने हिंसा तथा दुर्व्यवहारलाई कुनै न कुनै ढंगबाट राम्ररी नै बुझेका छन् । सीपमूलक तालिमले मात्र आयआर्जनको बाटो खोलिदिने र महिलामा आत्मा विश्वास बढ्न सक्ने भएकोले महिलाहरु हिंसा सहेर नबस्ने धारणा सतप्रतिशत उत्तरदाताहरुको रहेको छ ।

शतप्रतिशत उत्तरदाताहरुले हिंसा सबैको लागि खराब हुने कुरा बताए भने विद्यमान लैङ्गिक धारणाहरु हटाउने र लैङ्गिक समानता सम्बन्धी जनचेतना जगाउने खालका कार्यक्रमले मात्र हिंसालाई केही कम गर्न सक्ने धारण उत्तरदाताहरुको रहेको छ ।

अधिकांश महिलाहरु श्रीमान र परिवारका अन्य सदस्यबाट पीडित भएको पाइएको छ । श्रीमानले अत्याधिक मादक पदार्थ सेवन गरी श्रीमतिलाई शारीरिक र मानसिक दुवै यातना दिएका उत्तरदाताहरुले बताए । अध्ययन क्षेत्रको सर्वेक्षण गर्दा अध्ययन क्षेत्रमा घरेलु हिंसाबा पिडित महिलाहरुले समाजमा आफ्नो इज्जत घट्ने पहुँचलाई एकैतहमा निरन्तरता दिनको लागि हिंसाका घटनालाई लुकाएर राखेको देख्न सकिन्छ । यहाँका मानिसहरु सवै शिक्षित र सक्षम भएपनि उनीहरुलाई हिंसा भई रहेको छ तर यसलाई रोक्न कानुनी उपचार गर्नुपर्दछ भने चेतना पनि सबैमा रहेता पनि त्यस्ता हिंसाको घटनाहरुको प्रतिकार गरेको

बाहिर आएको देख्न सकिदैन र एकैचोटी मानसिक रुपमा असर पुर्‍याए पछि बाहिर आएको पाइन्छ ।

एउटै महिलालाई यस्ता हिंसाका घटनाहरु २/३ वटा भएको देख्न सकिन्छ । सबैभन्दा बढी गालीगलौचको घटनालाई देख्न सकिन्छ । ६१.५० प्रतिशत गाली गलौचको घटनाबाट महिलाहरु प्रताडित भएको देखिन्छ । कुटपिटमा ३१.५० प्रतिशत घटनाहरुबाट पिडित महिलाहरुलाई देख्न सकिन्छ । अन्य घरेलु हिंसाका घटनाहरु यस घटना भन्दा कम्ती रहेको पाइएको छ । घरेलु हिंसाका घटनाहरु हुने मुख्यकारण भने अत्याधिक मात्रामा जाडरक्सीको सेवन रहेको पाइएको छ । जसमा ८०.४५ प्रतिशत मानिसहरुले जाडरक्सी जस्ता मादक पदार्थ सेवन गरेको पाइन्छ । त्यस्तै गरिबी ३५.५१ प्रतिशत, अशिक्षा २५.१२ प्रतिशत बहुविवाह २०.२५ प्रतिशत, बेरोजगारी ३०.१५ प्रतिशत रहेको देख्न सकिन्छ । यी यस्ता विभिन्न कारणहरुबाट हाम्रो समाज र समुदायमा घरेलु हिंसाका घटनाहरु घटिरहेको देख्न सकिन्छ । घरेलु हिंसाका कारणबाट बढि महिला पिडित हुने गरेको र त्यसलाई सहेर बसेको र सहदा सहदै पनि सहन नसकी हिंसा गर्नेलाई सजाय दिलाउनको साटो आफू नै मानसिक रुपमा पिडित भई एउटा रोग नै सृजना गरिरहेको पाइएको छ । मानसिक स्थिति खलल भई मानसिक रोगको औषधी समेत खन बाध्य भइ रहेको देख्न सकिन्छ । अध्ययन क्षेत्रका मानिसहरुमा घरेलु हिंसाका घटनाहरु महिलाहरुमा मात्र भएको पाएको छ जसका कारण महिला माथि हुने हिंसामा सामाजिक, सांस्कृति, आर्थिक राजनैतिक, शैक्षिक आदि कारणहरु त्यति जिम्मेवार नरहेपनि व्यक्तिगत हिसाबले सासु/ससुराबाट र श्रीमानबाट हिंसाबाट बढी प्रताडित हुनुपरेको उत्तरदाताहरुले बताए । समग्र रुपमा अध्ययन क्षेत्रमा खास ठूलो स्वरुपमा हिंसाका घटनाहरु भने नभएको देखिन्छ । यसो हुनुमा अध्ययन क्षेत्र सबै मानिसहरु सबल सक्षम र सम्मान व्यवहारहरु रहेकोले पनि यस्ता घटनाहरु केही मात्रमा भएको अधिकांश उत्तरदाताहरुले बताएको देखिन्छ ।

यसरी महिलाहरुले हिसाँका कारणहरु सहनुका मुख्य कारण परिवारको इज्जत जाने डरका कारण हिंसाजन्य व्यवहार सहेको बताए । समाजको डरको कारण भने हिंसा सहेको बताए । त्यस्तै गरी २१.०५ ले समाजबाट निकालिने डर, परिवारको इज्जत जाने कारण ३५.०५ प्रतिशत, अशिक्षाको कारण २५.१५ प्रतिशत, घरबाट निकालिने डरका कारण ३०.२५ प्रतिशत, हिंसा सहनु परेको कारण खुलाए भने बाँकी २० प्रतिशतले भने

बच्चाहरुको भविष्यका लागि, संस्कृति र परम्परा अनुसार चल्नुपर्ने भएकोले बताएका छन् । हिंसा सहनुको कारणलाई विश्लेषण गर्दा अध्ययन क्षेत्रका मानिसहरुले घरेलु हिंसाका घटनाहरुलाई सहेर बस्नु र त्यस्ता घटनाहरुको प्रतिकार नगरेकोले बार बार त्यस्ता हिंसाका घटनाहरुमा परेको पाइएको छ । यस्ता हिंसाका घटना घट्नुको साटोमा उनीहरुलाई प्रोत्साहित गरिरहेको र बढी रहेको देखिन्छ । घरेलु हिंसाका घटना भनेको सामान्य कुरा हो भन्ने र त्यसलाई जटिल समस्याको रुपमा नलिएको देख्न सकिन्छ । जटिल हो यसलाई नियन्त्रण गर्न हामीले प्रतिकार गर्नु पर्दछ भनेर प्रतिकार गर्ने हो भने यसलाई हटाउन सकिन्छ र सभ्य समाजको निर्माण र हिंसामा कमी आउने थियो ।

## ६.२ उपलब्धि

अनुसन्धान कार्यलाई व्यवस्थित र तथ्यपरक एवम् विश्वसनिय बनाउने निश्चित अनुसन्धान विधिको प्रयोग गरिएको यस अध्ययनमा मुलत अन्वेशणात्मक र वर्णनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । खोजमुलक र अनुसन्धानमा आधारित यस अध्ययनमा प्राथमिक र द्वितीय दुवै तथ्याङ्को प्रयोग भएका छन् । प्रश्नावली, सर्वेक्षण, रुजु सूची एवम् मुख्य जानकार व्यक्तिसँगको अन्तर्वार्ताको आधारमा प्राथमिक रुपमा संकलित तथ्याङ्कलाई तालिका, प्रतिशत जस्ता तथ्याङ्क शास्त्रिय विधिबाट विश्लेषण गरिएको छ । अध्ययनको उपलब्धिहरु निम्नानुसार रहेको पाइन्छ :–

- इलाम नगरपालिका वडा नं. ७ मा बस्ने मानिसहरुको बैबाहिक स्थितिलाई हेर्दा बढी बिबाहित रहेको पाइएको छ ।
- अध्ययन क्षेत्रमा सबै शिक्षित भएपनि एस.एल.सीसम्म अध्ययन गर्नेको संख्या बढी पाइएको छ ।
- अध्ययन क्षेत्रका मानिसहरु आफ्नो जिविकोपार्जनका लागि विभिन्न पेशामा संलग्न रहेको पाइएको छ ।
- यस अध्ययन क्षेत्रका मानिसहरुको आफ्नो भाषा, धर्म, संस्कृति, मुल्यमान्यता, रीतिरिवाजहरु रहेको पाइएको छ ।
- महिलाहरु पनि पुरुष सरह नै जिविकोपार्जनका लागि जागीर तथा व्यापार व्यवसाययमा सम्लग्न रहेको पाइएको छ ।

## ६.३ निष्कर्ष

नेपाल एउटा विकासोन्मुख राष्ट्र हो । यहाँका झण्डै ८१ प्रतिशत जनताले कृषिलाई जीवनयापनको प्रमुख माध्यम बनाएता पनि यहाँका अधिकांश पुरुष साथै महिलाहरु वैदेशिक रोजगारमा गएको पाइन्छ । नेपालको प्रमुख अर्थतन्त्र हाल आएर वैदेशिक रोजगारमा आधारित भइसकेको अवस्था छ । यस बाबजुत पनि अन्य पेशा पनि मानिसहरु रहेका छन भने अध्ययन स्थलका जीविकोपार्जनका लागि पेशाको रुपमा कृषि, जागिर, व्यापार, मजदुरी आदि गरि घरपरिवार चलाउनको निम्ति यस्ता पेशामा संलग्न रहेको पाइएको छ । अध्ययन क्षेत्रमा भएको हिंसाका घटनाहरुलाई सामान्य रुपमा लिने गरेको भए तापनि घरछिमेकीले तथा परिवारहरुले थाहा पाउने पो हुन कि भन्ने मनस्थितिमा रहेको देखिन्छ । शिक्षा र चेतनाको अभाव, बालबच्चाको भविष्य श्रीमानले दबावमा पारेको कारणले गर्दा हिंसा सहने बानी परेको अधिकांस महिलाहरुमा देखिन्छ ।

घरेलु हिंसाबाट पीडित महिलाहरु कानुनी उपचारका लागि प्रहरी वा कुनै संघसंगठनमा उजुरी गर्नु भनेको थप हिंसाको शिकार बन्नु हो भन्ने कुरालाई राम्ररी बुझेका कारण कानुनी उपचारको खोजी नगरेको पाइन्छ । हिंसाको घटनालाई कुनै संघसंगठनमा लैजाने र त्यसलाई मिलाएर पठाउने, सजाय नदिने गरेको पनि पाइन्छ र फेरि त्यसरी नै हिंसा भएको पाइन्छ । घरपरिवार छोरा छोरीको भविष्य सोचेर हिंसा गर्नेलाई माफी दिने प्रविधिले हिंसालाई बढ्ा दिएको पाइन्छ । कमजोर शिक्षा, जिविकोपार्जनका लागि सीप नहुँदा फेरि सोही परिवारमा नै जीवन गजार्नु पर्ने बाध्यताले पनि महिलाहरुले हिंसाको उजुरी गर्न नचाहेको देखिन्छ भने अर्कोतिर महिला सम्बन्धी उजुरी सुन्ने निकायको समेत अभाव रहेको छ । खासगरी घरेलु हिंसाबाट श्रीमान र सासुबाट विवाहित महिलाहरु बढी पिडित हुने गरेको छ । विपन्न वा उच्च परिवार जे भएपनि हरेक घरपरिवारमा रहेका महिलाहरु कुनै न कुनै प्रकारको घरेलु भेदभाव एवम् दुर्व्यवहारहरुबाट प्रभावित भएको देखिन्छ भने बढी जसो गालीगलौच र मानसिक यातनाजन्य हिंसाहरु हुने गरेको अध्ययन क्षेत्रको अधिकांशको भनाई रहेको छ ।

खासगरी विकृतिका रुपमा रहेको जाँडरक्सी जस्ता मादक पदार्थको अत्याधिक सेवन नै घरेलु हिंसाको कारणको रुपमा देखिएको छ । समुदायमा पेशाको रुपमा रहेको जाँडरक्सीको उत्पादनले आर्थिक अवस्था सुध्रिन सक्छ तर समाजमा विकृतिको रुपमा

हिंसाजन्य घटनाहरुलाई बढाउने काम गर्दछ । अधिकांश महिलाहरुको सामाजिक तथा आर्थिक हैसियत घरमूली तथा पुरुष सरह भएपनि परिवारका सदस्यहरुबाट हुने अपमानजनक हिंसाजन्य व्यवहार सहेर बस्नु परेको यर्थाथता देखिन्छ । यसरी हिंसाहरुलाई सहेर बस्नु पर्ने कारणहरु घरपरिवारको इज्जत, परम्परा एवं डरत्रास आदि विविध भएकाले घरेलु हिंसालाई घरपरिवार र समाजमा दबाएर राखिएको पाइन्छ । हिंसाका घटनाहरुलाई घरभित्रको सामान्य झगडा हो भनी दबाउने र त्यसलाई सहेर बस्ने बानी परिसकेको हुनाले हिंसाका घटनाले समुदायमा रहेका हिंसा पिडितहरु मानसिक रुपमा पीडित भइसकेको पाइन्छ । भौतिक वा शारीकि हिंसा दोस्रो मुख्य प्रकारको घरेलु हिंसाका रुपमा रहेको छ । यद्दपि भौतिक हिंसाको अभिकर्ताका रुपमा घरधुरीभित्र महिलाहरु पनि हुने गर्दछन । जसले साना बच्चाहरु र श्रीमानलाई हिंसाको सिकार बनाउने गरेको पाइन्छ ।

***

# सन्दर्भ सामाग्री



- लुइटेल, चक्रपाणि, लुइटेल, पुरुषोत्तम, (२०६०) : ***समकालिन समाज,*** बृहत अफसेट प्रेस सामाखुशी, काठमाडौं ।
- *सापकोटा, योगराज, (२०७३) :* ***महिला दलित र न्याय, सवाल, नीति र अभ्यास,*** प्रकाशनः मानव अधिकार मञ्च नेपाल, इलाम ।
- देवकोटा, पद्मलाल, ओझा, नेत्रकुमार (२०७०) : ***सामाजिक संस्था र प्रक्रियाहरुको विश्लेषण,*** प्रकाशनः दिव्य देउराली प्रा.लि. बागबजार, काठमाडौं ।
- अधिकारी, प्रकाश, (२०५६) :***"सुखको आस र एच. आई.भी. ग्रसित पतिसँगको सहवास"*** प्रत्युष वन्त, शोभा गौतम र अमृता बास्कोटाद्धारा सम्पादित : छापामा महिला, नेपाल प्रेस इन्स्टिच्युट, काठमाडौं ।
- कार्की, रनबहादुर (२०५८) : ***इलाम दर्शन,*** प्रकाशक : डिल्लीकुमारी कार्की ।
- श्रेष्ठ, इन्द्रबहादुर (२०६८) : ***ऐन संग्रह भाग ३,*** (२०६८), पैरवी प्रकाशन, काठमाडौं ।

- Beijing Declaration(1995) : ***Beijing Declaration and platform for Action,*** fourth conference on women, September,1995.
- INSEC (2014) : ***Voilence Against women/girl an assesment of situation in Nepal,*** Informal Sector Service Center (INSEC), Kathmandu.
- LACC (2007) : ***Conflict and Voilence against women***, Legal Aid Consultancy Center (LACC), Lalitpur 2007
- UNDP(2001) : ***Human Development Report (2001),*** Kathmandu, Nepal.




## इलामको गाउँपालिका र नगरपालिका सहितको नक्सा




Legend
IlamMunicipalityNew
WNO, Population, AREA
1, 4045, 20.53
2, 2563, 15.25
3, 2927, 21.27
4, 3008, 9.24
5, 5101, 14.32
6, 3821, 4.53
7, 5132, 1.03
8, 3922, 9.78
9, 5758, 11.28
10, 4978, 21.83
11, 3616, 25.82
12, 3665, 17.77
1
2
3
4
5
6
7
8
9
10
11
12
0 1 2 4 Kilometers

# परिशिष्ट १

## (खण्ड क )

## घरधुरी सर्वेक्षण प्रश्नावली

१. उत्तरदाताको नाम :

उमेर : लिङ्ग : पेशा :

धर्म : शिक्षा : भाषा :

विवाह : पुरुष संख्या : महिला संख्या :

परिवार संख्या :

परिवारको किसिम :

२. उत्तरदाताको पारिवारिक पृष्ठभूमि

| क.स. | नामथर | लिङ्ग | उमेर | शिक्षा | पेशा | धर्म | विवाहको प्रकार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |

३) तपाईले विवाह कुन उमेरमा गर्नु भएको थियो ?

...........................................................................................

४) तपाईको आम्दानीको मुख्य स्रोतहरु के के हुन् ?

...........................................................................................

५) हाल तपाई वा तपाईको घरपरिवारसँग के कति जग्गा जमिन रहेको छ ?

...........................................................................................

६) के तपाईको आफ्नो पेशा र जग्गा जमिनको उब्जनी परिवारको लागि आयआर्जन र वार्षिक खाद्यान्नको लागि पर्याप्त छ ?

...........................................................................................

## परिशिष्ट २

### (खण्ड ख)
### घरेलु हिंसासम्बन्धी प्रश्नावली

१) तपाईको श्रीमान  श्रीमती बीच कस्तो सम्बन्ध छ ?

क) राम्रो    ख) नराम्रो    ग) ठीकै

२) यदी नराम्रो भए के कस्तो कारणले ?

...........................................................................................

३) के तपाई र तपाईको घर वरिपरि परिवार वा छरछिमेकमा झै झगडा हुने गरेको छ ?

क) छ    ख) छैन

४. यदि छ भने के कति कारणले झगडाको स्थिति उत्पन्न हुने गरेको देख्नुहुन्छ ?

...........................................................................................

५) के तपाईले पनि कसैबाट कुनै झै झगडा सहनुपरेको छ  ?

क) छ    ख) छैन

६) यदि छ भने कोबाट र के कस्तो खाले घटनाहरु भएका छन् ?

...........................................................................................

७) तपाईको विचारमा घरेलु हिंसालाई कसरी बुझ्ने गर्नु हुन्छ ?

...........................................................................................

८) खास गरी तपाईहरुको वरिपरि छरछिमेकमा हुने घरेलु हिंसाको स्वरुप एवं प्रकारहरु के–कस्तो रहेको छ ? (बहुउत्तर)

क) बहुविवाह    ख) यौन शोषण    ग) शारीरिक यातना एवं कुटपिट

घ) गाली गलौच    ङ) वैवाहिक बलात्कार

९) यी यस्ता हिंसाका घटनाहरुलाई नियन्त्रण गर्ने के गर्न सकिन्छ ?

..........................................................................................

१०) के यस्तो हिंसाबाट पीडितलाई सुरक्षा गर्ने कुनै सङ्गठन छ ?

क) छ   ख) छैन   ग) थाहा छैन

११) घरेलु हिंसाबाट पीडितलाई सुरक्षा गर्ने कुनै सङ्गठन छ ?

क) छ   ख) छैन

१२) यदि छ भने कहाँ र कुन सङ्गठन छ ?

..........................................................................................

१३) विगत २ वर्ष भित्र हजुरसँग घरेलु हिंसाको घटना भएका छन् ?

क) छ   ख) छैन

१४) यदि छ भने घरेलु हिंसाले तपाईमा कस्ता असरहरु पारेका छन् ?

क) शारीरिक

ख) मानसिक

ग) सामाजिक

१५) खास गरी तपाईप्रति गरिने घरेलु हिंसा कुन बेला हुने गर्दछ ?

क) मादक पदार्थ सेवन गरेपछि

ख) जुवा ताल खेलेपछि

ग) अन्य

१६) घरछिमेकमा घरेलु हिंसा हुदा तपाईलाई कस्तो महशुस हुन्छ ?

..........................................................................................

१७) तपाईको घर परिवारमा हुने घरेलु हिंसा बालबालिका र छरछिमेकमा कस्तो असरहरु पर्दछन ?

..........................................................................................

१८) तपाईप्रति भएको हिंसा सम्बन्धमा तपाईले कुनै निकायलाई जानकारी दिनु भएको छ ?

क) छ   ख) छैन

१९) यदि छैन भने किन ?

क) आफ्नो इज्जत जाने डर

ख) घरपरिवार विग्रने डर

ग) घरबाट निकालिने डर

घ) समाजको डर

ङ) अन्य

२०) तपाईको विचारमा घरेलु हिंसा हुने कारणहरु के के हुन् ?(बहुउत्तर)

क)........................................................................................

ख)........................................................................................

ग)........................................................................................

२१) छिमेकमा घरेलु हिंसा भएमा तपाई के गर्नु हुन्छ ?

........................................................................................

२२) घरेलु हिंसा सम्बन्धी घटनाहरुको विवरण दिन महिलाहरुलाई के कुराले रोकेको छ ?

क) शिक्षाको कमी

ख) सामाजिक दबाब

ग) संस्कृति र परम्परा

घ) आर्थिक कारण

ङ) पुरुष दबाब

च) अन्य

२३) घरेलु हिंसा रोकन के गर्न सकिन्छ ?

........................................................................................